# नेपाल शिक्षा समूह

## विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०७९

# विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९

विपद्बाट शिक्षा क्षेत्रमा पर्ने प्रभाव कम गर्न र आपत्कालीन अवस्थामा बालबालिकाको पठनपाठन सुचारु गर्न संघ, प्रदेश र स्थानीय तहमा नेपाल शिक्षा समूहको प्रभावकारी परिचालन गर्न शिक्षा नियमावली, २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यविधिको नाम "विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**ः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनुपर्छ ।

(ग) "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(घ) "प्राधिकरण" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ङ) "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना" भन्नाले विपद् परिस्थितिको प्रभावकारी सामना गरी पठनपाठन सुचारु गर्न तयार गरिएको योजना सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(छ) "राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा" भन्नाले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (पहिलो संशोधन, २०७५) सम्झनुपर्छ ।

(ज) "नेपाल शिक्षा समूह" भन्नाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि परिच्छेद २ बमोजिम संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा परिचालन हुने शिक्षा समूह सम्झनुपर्छ ।

(झ) "सरोकारवाला" भन्नाले शिक्षा क्षेत्रसँग सम्बन्धित मन्त्रालय, विभाग वा अन्य सरकारी निकाय, गैरसरकारी संस्था, निजी संस्था, शिक्षा क्षेत्रमा काम गर्ने सञ्जालहरू, सञ्चार जगतनेपाल रेडक्रस सोसाइटी, राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय संस्था वा निकाय र शिक्षा क्षेत्रमा सेवारत व्यक्ति समेत सम्झनुपर्छ ।

(ञ) "सामान्य विपद्", "मध्यम विपद्", "ठुलो विपद्" र "महाविपद्" भन्नाले दफा २० को उपदफा (२) बमोजिम वर्गीकरण गरिएको स्तरको विपद् सम्झनुपर्छ ।

(ट) "आपतकालीन शिक्षा" भन्नाले देशको कुनै पनि भागमा उत्पन्न प्रकोप जस्तै बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी आदिले जनधन तथा वातावरणमा क्षति पुराई विद्यालय बन्द गर्नुपर्ने अवस्था उत्पन्न भई बालबालिका तथा किशोरकिशोरीको दैनिक अध्ययन अध्यापन कार्य अवरूद्ध हुने अवस्थामा बालबालिका तथा किशोरकिशोरीको अवरूद्ध शिक्षालाई तत्काल सुचारु गरी जुनसुकै परिस्थितिमा पनि पढ्न पाउने अधिकार रक्षाका लागि विश्वव्यापी निर्देशनका आधारमा दिइने शिक्षालाई बुझ्नुपर्छ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेकका विपद् व्यवस्थापन सम्बन्धी शब्दावलीको परिभाषा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ बाट लिन सकिनेछ । शिक्षा क्षेत्र सम्बन्धी शब्दावलीको परिभाषा शिक्षा ऐन, २०२८ तथा नियमावलीबाट लिन सकिनेछ ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** (१) यस कार्यविधिको मुख्य उद्देश्य आपत्कालीन अवस्थामा बालबालिका तथा किशोरकिशोरीहरूको पठनपाठन निरन्तर गर्न विपद् पूर्वतयारी र प्रतिकार्यका लागि संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा शिक्षा समूहको प्रभावकारी परिचालन गर्नु रहेको छ ।

(२) कार्यविधिका अन्य उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) शिक्षा समूहको कार्यसञ्चालन प्रभावकारी बनाउनु,

(ख) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न सम्बन्धित तहको विपद् व्यवस्थापन समिति तथा निकायलाई सहयोग गर्नु र

(ग) शिक्षा समूहमा आवद्ध संस्थालाई विपद् पूर्वतयारी, प्रतिकार्य, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यमा मार्गदर्शन गर्नु ।

४. **<u>मार्गदर्शक सिद्धान्तहरू</u>**ः शिक्षा समूहको विपद् पूर्वतयारी, प्रतिकार्य योजना तयारी तथा कार्यान्वयन गर्दा देहायका मार्गदर्शक सिद्धान्तहरू पालना गर्नुपर्नेछः-

(क) <u>विपद् परिस्थितिको सामना गर्नको लागि सामुहिक तयारी</u>ः- विपद्बाट हुने क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न सामुहिकरूपमा योजना बनाउने र समूह सदस्यहरूले जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन गर्न चाहिने स्रोतसाधन जुटाउने,

(ख) <u>परस्पर समन्वयमा आफ्नो विज्ञता, क्षमता अनुसारको फरक जिम्मेवारी</u>ः- प्रभावकारी विपद् प्रतिकार्य मार्फत् विपद्को प्रभाव न्यूनीकरण र उत्थानशीलता सम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न समूहका सदस्यको जिम्मेवारी स्पष्ट गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ग) <u>मानवीय सहायताका अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्यमान्यता</u>ः- शिक्षा समूहमा क्रियाशील संस्था, निकाय, व्यक्तिले मानवता, निष्पक्षता, तटष्ठता, सहभागिता, समावेशिता, पारदर्शिता, उत्तरदायित्व, गोपनीयता, स्वतन्त्रता लगायतका मानवीय सहायताका सिद्धान्त तथा आपत्कालीन अवस्थामा शिक्षाको लागि अन्तर-निकाय सञ्जालका अन्तर्राष्ट्रिय मान्यता र मापदण्डहरू लागू गर्ने,

(घ) <u>शारीरिक, मानसिक एवं आर्थिक-सामाजिक अवस्था अनुसार विपद् प्रभावित तथा सङ्कटासन्न व्यक्ति, समूह र समुदायका आवश्यकताको सम्बोधन</u>ः- उमेर, शारीरिक तथा मानसिक अवस्था अनुसार फरक क्षमता भएका बालबालिकाको लागि भौतिक सुविधा, शैक्षिक सामग्री र सिकाइ विधिको आवश्यकताको पहिचान गरी परिपूर्ति गर्ने र

(ङ) <u>स्थानीय समुदायको संस्कृति र रीतिरीवाजको सम्मान</u>ः- मानवीय सहायता सञ्चालन गर्दा स्थानीय समुदायको संस्कृति एवं परम्पराको सम्मान गर्ने, त्यसप्रति सम्वेदनशील भई काम गर्ने र मानवीय सहायतालाई समुदायका असल अभ्याससँग मूलप्रवाहीकरण गर्ने ।

५. **<u>कार्यपद्धति</u>**ः (१) शिक्षा समूहले शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्य मार्फत् नेपालको शिक्षा प्रणालीको विकासको दूरदृष्टि र लक्ष्यमा योगदान गर्ने कार्यपद्धति अपनाउनुपर्नेछ ।

(२) शिक्षा समूह परिचालन हुने तह अनुसार संघ, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहको समग्र विपद् पूर्वतयारी र प्रतिकार्य योजनाका उद्देश्यहरू हासिल गर्न शिक्षा क्षेत्रमा विपद् पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू तय गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(३) शिक्षा समूहको योजनामा विपद् घटना अगावै, विपद्को समयमा र विपद् घटना पश्चात् गर्नुपर्ने क्रियाकलाप सिलसिलेवार रूपमा समावेश गर्नुपर्नेछ ।

(४) विपद् प्रभावित तथा जोखिममा रहेका समुदायका बालबालिकाको सिकाइको निरन्तरता कायम गर्न अन्तरसम्बन्धित विषयक्षेत्रका समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(५) तीनै तह र जिल्ला स्तरको शिक्षा समूहको कार्यक्रम तथा योजनाले नेपालको दीर्घकालीन शैक्षिक विकाससँग सामञ्जस्यता कायम गर्नुपर्नेछ ।

**६. <u>कार्यविधिको कार्यान्वयन क्षेत्र</u>**ः (१) यो कार्यविधिले नेपालको समग्र शिक्षा क्षेत्रमा विपद् उत्थानशीलता वृद्धि गर्न शिक्षा समूहको परिचालन मार्फत् विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने विषय समेट्छ ।

(२) संघमा क्रियाशील शिक्षा समूहमा आवद्ध सबै सरोकारवालाले शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्य गर्न यो कार्यविधि पालना गर्नुपर्नेछ ।

(३) संघीय परिपाटी र प्रचलित कानुन अनुसार प्रदेश तथा स्थानीय तहले यस कार्यविधिलाई स्थानीय परिस्थिति अनुरूप आवश्यक परिमार्जन समेत गरी लागू गर्न सक्नेछन् ।

## परिच्छेद - २
## शिक्षा समूहको गठन तथा सञ्चालन

**७. <u>शिक्षा समूहको गठन</u>**ः (१) नेपालमा शिक्षा क्षेत्रमा क्रियाशिल सरोकारवाला समावेश गरी शिक्षा समूहको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा समूहको गठन संघ, प्रदेश र स्थानीय तहमा देहाय बमोजिम हुनेछः-

(क) संघीय शिक्षा समूह
(ख) प्रदेश शिक्षा समूह
(ग) स्थानीय तह शिक्षा समूह

(३) आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गत जिल्ला शिक्षा समूह क्रियाशिल रहनेछ । शिक्षा विकास तथा समन्वय इकाईले जिल्ला शिक्षा समूहको नेतृत्व गरी काम, कर्तव्य निर्वाह गर्नेछ । समूहका अन्य सदस्य जिल्ला शिक्षा विकास तथा समन्वय इकाइको शिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) शिक्षा समूहको सङ्गठन र संघ, प्रदेश र स्थानीय तह शिक्षा समूह बिचको समन्वय संयन्त्र अनुसूची - १ को चित्रमा देखाए बमोजिम हुनेछ ।

(५) सम्बन्धित तहको शिक्षा समूहले तत्तत् तहको विपद् व्यवस्थापन समिति र निकायलाई शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्य गर्न सहयोग गर्नेछ ।

८. **<u>शिक्षा समूहको दूरदृष्टि,ध्येय, लक्ष्य र उद्देश्य</u>**ः (१) शिक्षा समूहको दूरदृष्टि,ध्येय, लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छः

(क) दूरदृष्टिः सबै प्रकारका विपद्बाट सृजित मानवीय सङ्कटको अवस्थामा सबैका लागि सुरक्षित एवम् संरक्षित वातावरणमा शिक्षाको समान पहुँच सुनिश्चित गर्नु ।

(ख) ध्येयः शिक्षा क्षेत्रमा विपद्बाट हुने क्षति र प्रभाव न्यून गर्न विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका व्यवस्थित प्रयत्न मार्फत् सुरक्षित वातावरणमा पठनपाठन, सिकाइलाई निरन्तरता दिनु ।

(ग) लक्ष्यः शिक्षा क्षेत्रमा विपद् प्रभाव न्यूनीकरण र समुदाय एवं सरोकारवालाहरूको उत्थानशील क्षमता अभिवृद्धि गरी बालबालिका र किशोरकिशोरीहरूका लागि सुरक्षित वातावरणमा सिकाइको निरन्तरता सुनिश्चित गर्न संघ, प्रदेश तथा स्थानीय तहलाई सहयोग गर्नु ।

(घ) उद्देश्यः

- शिक्षा क्षेत्रमा प्रभावकारी विपद् प्रतिकार्य तथा शीघ्र पुनर्लाभका लागि आवश्यक योजना तर्जुमा तथा कार्यान्वयन गर्नु ।
- नेपाल शिक्षा समूहका सदस्यहरुको आपतकालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्नको लागि आवश्यक पर्ने क्षमताको अभिवृद्धि र पैरवी गर्नु ।
- अन्य विषयगत क्षेत्र समुहसँग सहकार्य र समन्वय गरी आपतकालीन अवस्थामा शिक्षा क्षेत्रलाई प्रभावकारी रुपमा संचालन गर्न स्विकृत मापदण्डहरुको पालना गरी बालबालिका तथा किशोर-किशोरीहरुको सिकाइलाई निरन्तरता दिनु ।
- विपद् पूर्वतयारी र प्रतिकार्य योजनाको अनुगमन गर्नु, सूचनाको संकलन, विश्लेषण साथै प्रगति समीक्षा गरी प्रतिवेदन तयार गर्नु ।

९. **<u>संघीय शिक्षा समूह</u>**ः (१) शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमा संघीय तहमा कार्यरत एवं क्रियाशील देहायका संस्था, निकाय संघीय शिक्षा समूहमा रहने छन्ः-

(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र — समूह नेतृत्व,

(ख) संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) — समूह सहनेतृत्व,

(ग) सेभ द चिल्ड्रेन नेपाल — समूह सहनेतृत्व,

(घ) पाठ्यक्रम विकास केन्द्र — सदस्य,

(ङ) शैक्षिक गुणस्तर परीक्षण केन्द्र — सदस्य,

(च) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, समाज कल्याण तथा संस्था समन्वय महाशाखा/महिला तथा बालबालिका विभाग — सदस्य,

(छ) नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति — सदस्य,

(ज) नेपालमा प्रचलित कानुन बमोजिम दर्ता वा आवद्ध भई विपद् व्यवस्थापन तथा शिक्षा क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैससहरू — सदस्य,

(झ) प्रचलित कानुन बमोजिम दर्ता भई विपद् व्यवस्थापन तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय गैससहरू — सदस्य,

(ञ) नेपालमा क्रियाशील शिक्षा तथा बालबालिकाको हकहितका क्षेत्रमा कार्यरत अन्तरसरकारी निकाय, संयुक्त राष्ट्रसंघीय सङ्गठन वा दातृ निकाय — सदस्य,

(ट) शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सार्वजनिक शैक्षिक तथा तालिम प्रदायक संस्था वा शैक्षिक क्षेत्र सम्बन्धित संस्थाहरूका सङ्गठन वा सञ्जालका राष्ट्रिय समिति वा सो सरहका सङ्गठन — सदस्य,

(ठ) नेपाल शिक्षक महासंघ — सदस्य,

(ड) शिक्षा क्षेत्रमा कार्यरत निजी क्षेत्रका प्रतिनिधि — सदस्य,

(ढ) नेपाल अभिभावक संघ — सदस्य

(ण) विद्यालय व्यवस्थापन समिति महासंघ — सदस्य

(त) नेपाल नगरपालिका संघ — सदस्य

(थ) गाउँपालिका राष्टरिय महासंघ नेपाल — सदस्य

(द) शिक्षा पत्रकार समूहहरू — सदस्य र

(ध) समूह नेतृत्व र सहनेतृत्वको समन्वयमा समावेश गरिने अन्य संस्था — सदस्य ।

(२) उपदफा (१) बमोजिमको कार्यसमितिको बैठकमा समूह नेतृत्वले शिक्षा क्षेत्रका सरोकारवाला संस्था, आवश्यकता अनुसार अन्य विषयगत क्षेत्र समूह, शिक्षा सञ्चार समूह र व्यक्तिलाई सहभागिताका लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम हाल नेपालमा क्रियाशिल नरहेका तर नेपाल सरकारले विपद् प्रतिकार्य गर्न अन्तर्राष्ट्रिय सहायता आव्हान गरेका बखतमा नेपालमा मानवीय सहायता गर्न आएका शिक्षा क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्थालाई समूह नेतृत्वले समूह सदस्यमा समावेश गर्न सक्नेछ ।

(४) संघीय शिक्षा समूहको बैठकको कार्यविधि प्रचलित अभ्यास अनुरूप समूहले आफैले तय गरे बमोजिम हुनेछ ।

(५) संघीय शिक्षा समूहले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

१०. **<u>संघीय शिक्षा समूहको काम, कर्तव्य र अधिकार</u>**: (१) संघीय शिक्षा समूहको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) विपद्को प्रकृति, मात्रा र प्रभाव अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार र क्षमता अनुसारको जिम्मेवारी अनुरूप संघीय शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी संघीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गर्ने, गराउने,

(ख) अनुसूची - २ मा उल्लेखित विपद्को स्तर अनुसार शिक्षा क्षेत्रमा माहाविपद् स्तरसम्मको विपद् प्रतिकार्य गर्न संघीय तहमा (राष्ट्रिय स्तरमा) आवश्यक आपतकालीन शिक्षासँग सम्बन्धित जनशक्ति, सामग्री, मेशिन औजार, प्रविधि, वैकल्पिक सिकाइ विधि, नगद लगायतका स्रोतसाधनको व्यवस्था गर्ने, गराउने,

(ग) शिक्षा क्षेत्रको विपद् न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न आवश्यक नीति, रणनीति, कार्यक्रम र योजना र मापदण्ड तर्जुमा गर्ने र कार्यान्वयन गर्ने,

(घ) प्रदेश, जिल्ला तथा स्थानीय तहमा शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्ने,

(ङ) महाविपद्को अवस्थामा शिक्षा क्षेत्रको प्रभावकारी विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (पहिलो संशोधन, २०७५) बमोजिम अन्तर्राष्ट्रिय सहायता परिचालन गर्न सम्बन्धित संघीय निकायलाई सहयोग गर्ने,

(च) शिक्षा क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्न सहयोग गर्ने साथै आपतकालीन अवस्थामा क्षतिको सूचना संकलनको लागि जनशक्ति, सामग्रीहरूको व्यवस्थापन गर्ने

(छ) शिक्षा क्षेत्रको विपद् उत्थानशीलतका लागि सञ्चार, जनचेतना एवं पैरवी गर्ने र

(ज) संघीय शिक्षा समूहको परिचालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(२) सामान्यतया समूह नेतृत्वले संघीय शिक्षा समूहको तर्फबाट अन्य विषयगत समूह र सरोकारवालासँग समन्वय एवं सहजीकरण गर्नेछ । आवश्यकता अनुसार समूह सहनेतृत्वलाई यो जिम्मेवारी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको काम, कर्तव्य र जिम्मेवारी पुरा गर्न संघीय शिक्षा समूहले समूह नेतृत्व, सहनेतृत्व र सदस्यहरूको भूमिका र जिम्मेवारी निर्धारण गरी लागु गर्नेछ ।

(४) संघीय शिक्षा समूहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न र उक्त योजनाको प्रभावकारी कार्यान्वयन गर्न उपसमूह वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

**११. <u>संघीय शिक्षा समूहको कार्यसञ्चालन विधि</u>**ः (१) सामान्य अवस्थामा (विपद् पूर्वतयारी चरणमा) संघीय शिक्षा समूहको सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) समूहको नियमित बैठक र आन्तरिक परिचालन

१. संघीय शिक्षा समूहको नियमित बैठक सामान्यतया २ महिनामा १ पटक बस्नेछ । आवश्यकता अनुसार सो भन्दा अगावै पनि समूहको बैठक बस्नेछ ।

२. सहनेतृत्वसँग समन्वय गरी समूह नेतृत्वले समूहको बैठक बोलाउनेछ । बैठक बोलाउँदा छलफल गरिने बिषयको बारेमा समेत जानकारी गराउनुपर्नेछ ।

३. समूहको बैठक सञ्चालन प्रक्रिया प्रचलित अभ्यास अनुसार समूहले तय गरे बमोजिम हुनेछ । बैठक एकै ठाउँमा उपस्थित भई वा विद्युतीय माध्यमबाट भर्चुवलरूपमा गर्न सकिनेछ ।

४. बैठकमा संघीय तहमा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य, समूहको योजना तर्जुमा तथा कार्यान्वयन गर्नका लागि क्षमता विकास, अन्य समूहसँगको समन्वय, पूर्वतयारी अनुसारको प्रगति समीक्षा, योजनामा परिमार्जन, समूहको आगामी रणनीति लगायतका विषयमा छलफल गरी निचोडमा पुग्नुपर्नेछ ।

५. समूहका सदस्य वा सरोकारवालाको क्षमता/अवस्था, प्राथमिकता, कार्यक्रम र अन्य वस्तुस्थितिको विवरण अद्यावधिक गरी त्यसको विवरण मानवीय सहायता संयोजक साथै प्राधिकरण/गृह मन्त्रालयलाई जानकारी गराउनुपर्नेछ ।

(ख) संघको विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्न सहयोग

१. संघीय शिक्षा समूहले परिच्छेद ३ बमोजिमको विधि र प्रक्रिया अवलम्वन गरी महाविपद् स्तरको विपद्मा शिक्षा क्षेत्रको प्रतिकार्यको नेतृत्व गर्न पूर्वतयारी गर्नेछ । पूर्वतयारी तथा प्रतिकार्य योजनामा महाविपद् भन्दा सानो स्तरको (ठुलो, मध्यम र सामान्य स्तरको) विपद् प्रतिकार्य गर्न प्रदेश तथा स्थानीय तहको शिक्षा समूहलाई सम्बन्धित तहबाट माग भए बमोजिम सहयोग गर्ने रणनीति र योजना पनि समावेश गर्नुपर्नेछ ।

२. शिक्षा क्षेत्रको विपद् प्रतिकार्य गर्दा पूर्वअपेक्षित भन्दा फरक परिस्थिति पर्न गएमा त्यस्तो परिस्थितिको प्रभावकारी सामना गरी पठनपाठन सुचारु गर्न १ हप्ताभित्र प्रतिकार्य कार्ययोजना तयार गर्नुपर्नेछ ।

३. प्राधिकरणको समन्वयमा तयार गरी लागु गरिने संघको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा शिक्षा क्षेत्रको योजना एकीकृत गर्न सहयोग गर्नुपर्नेछ ।

४. योजना तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्यमा अन्य समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(२) आपत्कालीन अवस्थामा (अर्थात् विपद् प्रतिकार्यको समय-अवधिमा) संघीय शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) महाविपद् अवस्थामा अन्तर्राष्ट्रिय सहायता प्राप्ती र परिचालन गर्न नेपाल सरकारलाई सहयोग गर्ने,

(ख) ठुलो स्तरको विपद्मा राष्ट्रिय क्षमताको परिचालन गर्न संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायलाई सहयोग र समन्वय गर्ने,

(ग) मध्यम स्तरको विपद्मा सहायता परिचालन गर्न सम्बन्धित तहबाट माग भए अनुसार प्रदेश तथा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने,

(घ) सबै स्तरका विपद् एवं आपत्कालीन अवस्थामा अन्य समूहसँग समन्वय गर्ने,

(ङ) सबै प्रकारका विपद्को क्षति, प्रभावको लेखाजोखा तथा आवश्यक सहायताको लेखाजोखा वा सो गर्न स्थानीय तह शिक्षा समूहलाई/स्थानीय तहलाई सहयोग गर्ने,

(च) विपद्को परिस्थिति अनुसार संघबाट सहयोग गर्न आवश्यक भए बमोजिम शिक्षा क्षेत्रमा उद्धार, राहत तथा अन्य मानवीय सहायता परिचालन गर्ने,

(छ) प्रदेश वा स्थानीय तह शिक्षा समूहबाट माग भए बमोजिम पठनपाठन, सिकाइ निरन्तरताको लागि योजना तर्जुमा, भौतिक पूर्वाधार, जनशक्ति, शैक्षिक सामग्री एवं अन्य स्रोतसाधनको व्यवस्था सहित सहयोग गर्ने,

(ज) प्राधिकरणसँग समन्वय, सहकार्य गर्ने

(झ) कार्यकारी समिति वा मन्त्रालयले तोकेका अन्य काम गर्ने ।

(३) विपद् क्षतिको पुनर्निर्माण गर्ने अवधिमा (चरणमा) संघीय शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) विपद् उत्थानशीलता अभिवृद्धिका लागि अझ राम्रो र बलियो निर्माणका लागि समुदायमा चेतना जगाउन सम्बन्धित सरकार, निकायलाई सहयोग एवं पैरवी गर्ने,

(ख) विपद् प्रतिकार्यको प्रभावकारिताका आधारमा शिक्षा समूहको कार्यक्षमता मूल्याङ्कन गर्ने

(ग) भविष्यमा आउन सक्ने विपद् र त्यसको प्रभावको परिदृष्यमा आधारित भई संघीय शिक्षा समूहको योजना तथा रणनीतिमा परिमार्जन गर्ने ।

(४) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको सिकाइको आधारमा योजना तथा कार्यान्वयन रणनीतिमा सुधार एवं परिमार्जन गर्नुपर्नेछ ।

(५) विपद् व्यवस्थापनका सबै चरणमा संघमा क्रियाशील सम्बन्धित विषयक्षेत्रका समूह, प्रदेश शिक्षा समूह र स्थानीय तह शिक्षा समूहसँग समन्वय एवं सहकार्य गर्नुपर्नेछ ।

१२. **<u>प्रदेश शिक्षा समूह</u>**ः (१) शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमा सम्बन्धित प्रदेशमा कार्यरत एवं क्रियाशील देहायका संस्था, निकाय प्रदेश शिक्षा समूहमा रहन सक्नेछन्ः-

(क) प्रदेश शिक्षा विकास निर्देशनालय — समूह नेतृत्व,

(ख) संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) — समूह सहनेतृत्व,

(ग) सेभ द चिल्ड्रेन नेपाल — समूह सहनेतृत्व,

(घ) प्रदेशमा विपद् व्यवस्थापनसम्बन्धी कामको फोकल मन्त्रालयका प्रतिनिधि — सदस्य,

(ङ) बालबालिका सम्बन्धी काम गर्ने मन्त्रालय, विभाग, निकाय — सदस्य,

(च) नेपाल रेडक्रस सोसाइटीको प्रदेश समितिका प्रतिनिधि — सदस्य,

(छ) प्रदेशमा कार्यरत अन्तर्राष्ट्रिय गैससहरूको प्रतिनिधि — सदस्य,

(ज) प्रदेशमा कार्यरत राष्ट्रिय गैससहरूको महासंघको प्रदेश समितिको प्रतिनिधि — सदस्य,

(झ) नेपालमा क्रियाशील शिक्षा तथा बालबालिकाको हकहितका क्षेत्रमा कार्यरत अन्तरसरकारी निकाय, संयुक्त राष्ट्रसंघीय सङ्गठन वा निकायका प्रदेश सरकारसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने कार्यालय — सदस्य,

(ञ) प्रचलित कानुन बमोजिम नेपालमा दर्ता वा आवद्ध भई शिक्षा तथा बालबालिकाको हकहितका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू — सदस्य,

(ट) शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सार्वजनिक शैक्षिक तथा तालिम प्रदायक संस्था वा शैक्षिक क्षेत्र सम्बन्धित संस्थाहरूका सङ्गठन वा सञ्जालका प्रदेश समिति वा सो सरहका सङ्गठन — सदस्य,

(ठ) नेपालमा क्रियाशील शिक्षा तथा बालबालिकाको हकहितका क्षेत्रमा कार्यरत अन्तरसरकारी निकाय, संयुक्त राष्ट्रसंघीय सङ्गठन वा दातृ निकाय — सदस्य,

(ड) शिक्षा क्षेत्रमा कार्यरत निजी क्षेत्रका प्रतिनिधि — सदस्य,

(ढ) नेपाल अभिभावक संघका प्रतिनिधि — सदस्य,

(ण) जिल्ला शिक्षा विकास तथा समन्वय इकाई (प्रदेश केन्द्र अवस्थित रहेको जिल्लाबाट) — सदस्य,

(त) स्थानीय तहको शिक्षा हेर्ने निकाय (प्रदेश केन्द्र अवस्थित रहेको स्थानीय तहबाट) - सदस्य र

(थ) समूह नेतृत्वले छनोट गरेका अन्य संस्था — सदस्य ।

(२) उपदफा (१) बमोजिमको सरोकारवाला संस्था वा निकाय प्रदेशमा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमा क्रियाशील भएको हुनुपर्नेछ ।

(३) युनिसेफ वा सेभ द चिल्ड्रेन प्रदेशमा क्रियाशील नरहेको अवस्थामा समूहको बैठकले निर्णय गरे बमोजिम तोकिएको संस्था वा निकायले समूहको सहनेतृत्व गर्नेछ ।

(४) समूह नेतृत्वले शिक्षा क्षेत्रका सरोकारवाला संस्था, व्यक्तिलाई समूहको बैठकमा सहभागिताका लागि आमन्त्रण गर्न सक्नेछ ।

(५) प्रदेश शिक्षा समूहको बैठकको कार्यविधि प्रचलित अभ्यास अनुरूप समूहले आफैले तय गरे बमोजिम हुनेछ ।

**१३. <u>प्रदेश शिक्षा समूहको काम, कर्तव्य र अधिकार</u>**ः (१) प्रदेशमा शिक्षा समूहको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा ठुलोस्तर सम्मको विपद् प्रतिकार्य गर्न प्रदेश स्तरको शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा समावेश/एकीकृत गर्ने, गराउने,

(ख) शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति, शैक्षिक सामग्री, मेशिन औजार, प्रविधि, नगद लगायतका स्रोतसाधनको व्यवस्था गर्ने, गराउने,

(ग) शिक्षा क्षेत्रको विपद् न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न सम्बन्धित आवश्यक नीति, रणनीति, कार्यक्रम र योजना तर्जुमा गर्न प्रदेशको सम्बन्धित निकायलाई सहयोग एवं पैरवी गर्ने,

(घ) जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तह शिक्षा समूहलाई शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

(ङ) शिक्षा क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी प्रदेश स्तरको तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(च) शिक्षा क्षेत्रको विपद् उत्थानशीलताका लागि प्रदेश स्तरको सञ्चार, जनचेतना एवं पैरवी गर्ने,

(छ) समूहको योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने र

(ज) प्रदेश शिक्षा समूहको परिचालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(२) सामान्यतया समूह नेतृत्वले प्रदेश शिक्षा समूहको कार्यसञ्चालनको नेतृत्व, समूहका तर्फबाट अन्य विषयगत समूह, संस्था, निकाय र सरोकारवालासँग समन्वय साथै सहजीकरण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको काम, कर्तव्य र जिम्मेवारी पुरा गर्न प्रदेश शिक्षा समूहले समूह नेतृत्व, सहनेतृत्व र सदस्यहरूको भूमिका र जिम्मेवारी निर्धारण गर्न सक्नेछ ।

(४) प्रदेश शिक्षा समूहले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

**१४. <u>प्रदेश शिक्षा समूहको कार्यसञ्चालन विधि</u>:** (१) सामान्य अवस्थामा (विपद् पूर्वतयारी चरणमा) प्रदेश शिक्षा समूहको सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) समूहको नियमित बैठक तथा आन्तरिक परिचालन

१. प्रदेश शिक्षा समूहको नियमित बैठक सामान्यता २ महिनामा एकपटक बस्नुपर्नेछ । आवश्यकता अनुसार सो भन्दा अगावै पनि समूहको बैठक बस्न सक्नेछ ।

२. समूहको सहनेतृत्वसँग समन्वय गरी समूह नेतृत्वले बैठक बोलाउने छ । समूहको बैठक बोलाउँदा सदस्यलाई छलफल गरिने बिषयको बारेमा समेत जानकारी गराउनुपर्नेछ ।

३. समूहको बैठक सञ्चालन प्रक्रिया प्रचलित अभ्यास बमोजिम समूह आफैले तय गरे बमोजिम हुनेछ । बैठक एकै ठाउँमा उपस्थित भई वा विद्युतीय माध्यमबाट भर्चुवलरूपमा गर्न सकिनेछ ।

४. बैठकमा समूहको योजना तयारी, योजना कार्यान्वयन गर्नका लागि क्षमता विकास, अन्तरसम्बन्धित विषयक्षेत्रका समूहसँगको समन्वय, योजना कार्यान्वयनको प्रभावकारिताको समिक्षा, योजनामा परिमार्जन, समूहको आगामी रणनीति लगायतका विषयमा छलफल गरी निचोडमा पुग्नुपर्नेछ ।

५. बैठकमा समूहका सदस्य वा सरोकारवालाको क्षमता/अवस्था, प्राथमिकता, कार्यक्रम र अन्य बस्तुस्थितिको बारेमा छलफल गर्नुपर्नेछ । त्यसको विवरण उपयुक्त माध्यमबाट प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, संघीय शिक्षा समूह र मानवीय सहायता संयोजकलाई जानकारी गराउनुपर्नेछ ।

(ख) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न प्रदेश सरकारलाई सहयोग

१. प्रदेश शिक्षा समूहले परिच्छेद ३ बमोजिमको विधि र प्रक्रिया अवलम्वन गरी ठूलो स्तरको विपद्को प्रतिकार्यको नेतृत्व गर्न र अन्य स्तरको (महाविपद्, मध्यम र सामान्य स्तरको) विपद्मा संघसँग समन्वय गरी स्थानीय तहलाई सहयोग गर्ने गरी प्रदेशमा शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना (भैपरी योजना समेत) तयार गर्नुपर्नेछ ।

२. शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई आवश्यकता अनुसार प्रदेशको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गर्नु, गराउनुपर्नेछ ।

३. योजना तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्यमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति अन्तर्गत क्रियाशिल अन्तरसम्बन्धित विषयगत समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(२) आपत्कालीन अवस्थामा (अर्थात् विपद् प्रतिकार्यको समय-अवधिमा) प्रदेश शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) महाविपद् अवस्थामा संघीय समूहलाई अन्तर्राष्ट्रिय सहायता परिचालन गर्न सहयोग गर्ने,
(ख) ठुलो स्तरको (प्रदेशले नेतृत्व गर्नुपर्ने स्तरको) विपद्मा आवश्यकता अनुसार संघको सहयोग लिई शिक्षा क्षेत्रमा विपद् प्रतिकार्य सहायता परिचालन गर्न प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने,
(ग) मध्यम स्तरको (स्थानीय तहलाई सहयोग गर्नुपर्ने अवस्थामा) विपद्मा सहायता परिचालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने,
(घ) सबै स्तरका विपद्मा अन्य समूहसँग समन्वय गर्ने,
(ङ) सबै प्रकारका विपद्को क्षति, प्रभाव तथा प्रदेश स्तरमा आवश्यक पर्ने तत्कालीन सहायताको लेखाजोखा गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,
(च) स्थानीय तहबाट सहयोग माग भएमा विपद्को क्षति र प्रतिकार्य गर्न तत्काल आवश्यक पर्ने सहायताको लेखाजोखा गर्न सहयोग गर्ने,
(छ) विपद्को परिस्थिति अनुसार प्रदेशबाट सहयोग गर्न आवश्यक भए बमोजिम उद्धार, राहत तथा अन्य मानवीय सहायता परिचालन गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,
(ज) स्थानीय तह शिक्षा समूहबाट माग भए बमोजिम पठनपाठन, सिकाइ निरन्तरता, भौतिक पूर्वाधार, जनशक्ति एवं अन्य स्रोतसाधनको व्यवस्था आदिमा सहयोग गर्ने र
(झ) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले तोकेका अन्य कार्य गर्ने ।

(३) शिक्षा क्षेत्रको पुनर्निर्माण गर्ने अवधिमा (चरणमा) प्रदेश शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) विपद् उत्थानशीलता अभिवृद्धिका लागि अझ राम्रो र बलियो निर्माण गर्न प्रदेश सरकारका सम्बन्धित निकायलाई सहयोग एवं पैरवी गर्ने,
(ख) विपद् प्रतिकार्यको प्रभावकारिता र अनुभवका आधारमा समूहको कार्यक्षमता मूल्याङ्कन गर्ने र
(ग) भविष्यमा आउन सक्ने विपद् र त्यसको प्रभावको परिदृष्यमा आधारित भई समूहको योजना र रणनीति परिमार्जन गर्ने ।

(४) प्रदेश शिक्षा समूहले सबै चरणमा आफ्नो योजना कार्यान्वयनको अनुगमन गर्ने र आवश्यक सुधार एवं परिमार्जन गर्नुपर्नेछ ।

(५) प्रदेशमा क्रियाशील अन्य विषयक्षेत्रका समूह, संघीय शिक्षा समूह र स्थानीय तह शिक्षा समूहसँग समन्वय एवं सहकार्य गर्नुपर्नेछ ।

(६) जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा शिक्षा समूहको योजना एकीकृत गर्न तथा योजना कार्यान्वयन गर्न सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्नुपर्नेछ ।

**१५. <u>स्थानीय तह शिक्षा समूह</u>ः** शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमा सम्बन्धित स्थानीय तहमा कार्यरत देहायका संस्था, निकाय स्थानीय तह शिक्षा समूहमा रहने छन्ः-

(क) गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उप-प्रमुख — समूह नेतृत्व,

(ख) स्थानीय तहको सामाजिक समितिका संयोजक — सदस्य,

(ग) स्थानीय विपद् व्यवस्थापन समितिको शिक्षा क्षेत्र हेर्ने सदस्य — सदस्य,

(घ) वडा विपद् व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट प्रतिनिधि — सदस्य,

(ङ) नेपाल रेडक्रस सोसाइटीको शाखा/उपशाखा समितिका प्रतिनिधि — सदस्य,

(च) स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरू मध्येबाट समूह नेतृत्वले मनोनयन गरेका प्रतिनिधि — सदस्य,

(छ) स्थानीय तह अन्तर्गत सञ्चालित निजी विद्यालयहरू मध्येबाट समूह नेतृत्वले मनोनयन गरेका एकजना प्रतिनिधि — सदस्य,

(ज) अपाङ्गता तथा जोखिममा रहेका बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरू मध्येबाट समूह नेतृत्वले मनोनययन गरेका प्रतिनिधि — सदस्य,

(झ) नेपाल अभिभावक संघका प्रतिनिधि — सदस्य,

(ञ) स्थानीय तह अन्तर्गतका विद्यालय व्यवस्थापन समितिहरू मध्येबाट समूह नेतृत्वले मनोनयन गरेका एकजना प्रतिनिधि — सदस्य,

(ट) शिक्षा विकास तथा समन्वय इकाई — सदस्य,

(ठ) प्रचलित कानुन बमोजिम दर्ता भई शिक्षा तथा बालबालिकाको हकहितका क्षेत्रमा स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू — सदस्य,

(ड) समूह नेतृत्वले छनोट गरेका संस्था — सदस्य

(ढ) स्थानीय तहमा शिक्षा सम्बन्धी कार्य गर्ने विभाग, महाशाखा, शाखा वा तोकिएको निकायको प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको संस्था वा निकाय स्थानीय तहमा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमा क्रियाशील भएको हुनुपर्नेछ ।

(३) समूहको बैठकमा समूह नेतृत्वले शिक्षा क्षेत्रका सरोकारवाला संस्था, व्यक्तिलाई सहभागिताका लागि आमन्त्रण गर्न सक्नेछ ।

(४) स्थानीय तह शिक्षा समूहको नियमित बैठक समूहले निर्धारण गरेको समयमा बस्नेछ । आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ । समूह नेतृत्वले सदस्य सचिवसँग परामर्श गरी समूहको बैठक बोलाउन सक्नेछ । बैठक एकै ठाउँमा उपस्थित भई वा विद्युतीय माध्यमबाट भर्चुवलरूपमा गर्न सकिनेछ । बैठकको कार्यविधि प्रचलित अभ्यास अनुरूप समूहले आफैले तय गरे बमोजिम हुनेछ ।

**१६. <u>स्थानीय तह शिक्षा समूहको काम, कर्तव्य र अधिकार</u>**ः (१) स्थानीय तह शिक्षा समूहको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) बाहिरी सहयोग बिना मध्यमस्तर सम्मको विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति, शैक्षिक सामग्री, मेशिन औजार, प्रविधि, नगद लगायतका स्रोतसाधनको व्यवस्था गर्न सहयोग गर्ने,

(ग) विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्न स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति र सम्बन्धित विद्यालय, शैक्षिक संस्थालाई आवश्यक सहयोग एवं समन्वय गर्ने,

(घ) शिक्षा क्षेत्रको विपद् न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न आवश्यक नीति, रणनीति, कार्यक्रम र योजना तर्जुमा गर्न स्थानीय तहलाई सहयोग एवं पैरवी गर्ने,

(ङ) शिक्षा क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी स्थानीय तहको तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सहयोग गर्ने,

(च) स्थानीय तहमा सञ्चार, जनचेतना एवं पैरवी गर्ने,

(छ) समूहको योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने र

(ज) स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको अन्य आवश्यक कार्य गर्ने ।

(२) स्थानीय तह शिक्षा समूह नेतृत्वले सदस्य सचिवको सहयोगमा समूहको कार्यसञ्चालनको नेतृत्व, समूहका तर्फबाट अन्य विषयगत समूह, संस्था, निकाय र सरोकारवालासँग समन्वय गर्नेछ ।

(३) स्थानीय तह शिक्षा समूहको प्रभावकारी परिचालनका लागि समूहले समूह नेतृत्व, सहनेतृत्व र सदस्यहरूको भूमिका र जिम्मेवारी निर्धारण गर्न सक्नेछ ।

(४) स्थानीय तह शिक्षा समूहको योजना तर्जुमा गर्न र योजनाको प्रभावकारी कार्यान्वयन गर्न समूहले उपसमिति वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

**१७. <u>स्थानीय तह शिक्षा समूहको कार्यसञ्चालन विधि</u>**ः (१) सामान्य अवस्थामा (अर्थात् विपद् पूर्वतयारी चरणमा) स्थानीय तह शिक्षा समूहको सञ्चालन देहाय बमोजिम हुन सक्नेछः-

(क) समूहको नियमित बैठक तथा आन्तरिक परिचालन

१. स्थानीय तह शिक्षा समूहको नियमित बैठक सामान्यतया २ महिनामा एकपटक बस्न सक्नेछ । आवश्यकता अनुसार सो भन्दा अगावै पनि समूहको बैठक बस्न सक्नेछ ।

२. सदस्य सचिवसँग समन्वय गरी समूह नेतृत्वले समूहको बैठक बोलाउनेछ । समूहको बैठकमा बोलाउँदा सदस्यलाई छलफल गरिने विषयको बारेमा जानकारी गराउनुपर्नेछ ।

३. समूहको बैठक सञ्चालन प्रक्रिया प्रचलित अभ्यास बमोजिम समूह आफैले तय गरे बमोजिम हुनेछ । बैठक एकै ठाउँमा उपस्थित भई वा विद्युतीय माध्यमबाट भर्चुवल रूपमा गर्न सकिनेछ ।

४. बैठकमा समूहको योजना तयारी र कार्यान्वयन गर्नका लागि क्षमता विकास, अन्तरसम्बन्धित समूहसँगको समन्वय, योजना कार्यान्वयनको प्रभावकारिताको समिक्षा, योजना परिमार्जन, समूहको आगामी रणनीति र कार्ययोजना लगायतका विषयमा छलफल गरी निचोडमा पुग्नुपर्नेछ ।

५. समूहका सदस्य वा सरोकारवालाको क्षमता/अवस्था, कार्यक्रम र अन्य आवश्यक विवरण अद्यावधिक गरी स्थानीय तहको अभिलेखमा राख्नुका साथै शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेण्ट इन्फरमेसन सिस्टम (IEMIS) मा प्रविष्ट गर्नुपर्नेछ ।

६. स्थानीय तह शिक्षा समूहको क्षमताको अद्यावधिक विवरण जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश शिक्षा समूहलाई जानकारी गराउनुपर्नेछ ।

(ख) स्थानीय तह, वडा तथा विद्यालयलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग

१. स्थानीय तह शिक्षा समूहले परिच्छेद ३ बमोजिमको विधि र प्रक्रिया अवलम्वन गरी स्थानीय तहमा शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना (भैपरी योजना समेत) तयार गर्न सहयोग गर्नुपर्नेछ । यस्तो योजनामा सामान्य र मध्यमस्तर सम्मको विपद् स्थानीय तह आफैले व्यवस्थापन गर्ने र सो भन्दा माथिल्लो स्तरको

(ठुलो र महाविपद् स्तरको) विपद्मा आवश्यकता अनुसार संघ वा प्रदेशको सहयोग लिने गरी क्रियाकलाप तय गर्न सकिनेछ ।

२. शिक्षा समूहको विपद् प्रतिकार्य योजनालाई स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गर्नुपर्नेछ ।

३. योजना तर्जुमा एवं कार्यान्वयन गर्दा अन्तरसम्बन्धित विषयक्षेत्रका समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(२) आपत्कालीन अवस्थामा (अर्थात् विपद् प्रतिकार्यको चरणमा/समय-अवधिमा) स्थानीय तह शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह शिक्षा समूहले विपद्को घटना पश्चात् तत्काल परिचालित भई देहाय बमोजिम गर्ने, गराउनेः-

१. विपद् घट्नासाथ समूहको बैठक बसेर घटना र उत्पन्न परिस्थितिको आँकलन गर्ने,

२. तत्काल परिचालित भई उद्धार तथा राहत कार्यमा समन्वय र सहयोग गर्ने,

३. विद्यालय तथा शैक्षिक संस्थामा भएको क्षति र प्रभावको लेखाजोखा गर्न स्थानीय तह/वडाबाट तोकिएको जिम्मेवारी पुरा गर्ने,

४. शिक्षा क्षेत्रमा तत्कालीन आवश्यकताको लेखाजोखा गर्ने,

५. विपद् प्रतिकार्यका लागि बाह्य सहायता आवश्यकता पर्ने, नपर्ने सम्बन्धमा स्थानीय तहलाई सुझाव दिने,

६. बाह्य सहायता आवश्यक पर्ने भए सहायताको किसिम, परिमाण, समय अवधि आदि आँकलन गर्न स्थानीय तहलाई सहयोग गर्ने,

७. विपद्का कारण विद्यालयको पठनपाठन वैकल्पिक विधिबाट सञ्चालन गर्नुपर्ने भएमा आवश्यक भौतिक संरचना, शैक्षिक सामग्री, शिक्षण विधि, प्रविधि, जनशक्ति आदिको लेखाजोखा गरी आवश्यक निर्णय गर्न स्थानीय तहलाई शिफारिस गर्ने,

८. विपद्बाट अवरुद्ध भएको पठनपाठन, सिकाइ निरन्तर गर्न सम्बन्धित विद्यालय, शैक्षिक संस्थालाई सहयोग गर्ने,

९. आवश्यकता अनुसार समूहको बैठक गरी कामको समिक्षा गर्ने,

१०. स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भई शिक्षा क्षेत्रमा भएका कामको बारेमा जानकारी गराउने तथा आवश्यक सहयोगका लागि समन्वय गर्ने र

११. स्थानीय विपद् व्यवस्थापन समितिले तोकेका अन्य आवश्यक कार्य गर्ने ।

(ख) महाविपद् अवस्थामा संघीय शिक्षा समूह वा प्रदेश शिक्षा समूहलाई स्थानीय तहमा शिक्षा क्षेत्रको प्रतिकार्य गर्न आवश्यक सहयोग गर्ने,

(ग) ठुलो स्तरको (प्रदेशको वा संघको समेत सहायता चाहिन सक्ने) विपद्मा प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा सहायता परिचालन गर्न सहयोग गर्ने,

(घ) मध्यम स्तरको विपद्मा आवश्यक भए जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेशको सहायता समेत लिई स्रोतसाधन परिचालन गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ङ) न्यून र मध्यम स्तरसम्मको विपद्मा बाह्य सहयोग नलिई प्रतिकार्य गर्न स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् स्थानीय तहलाई सहयोग गर्ने,

(च) सबै स्तरका विपद्मा स्थानीय तहमा परिचालित अन्तरसम्बन्धित समूहसँग समन्वय गर्ने,

(छ) पठनपाठन, सिकाइ सुचारु गर्न योजना तर्जुमा, भौतिक पूर्वाधार, जनशक्ति एवं अन्य स्रोतसाधनको व्यवस्था गर्न स्थानीय तह र विद्यालयलाई सहयोग गर्ने र

(ज) स्थानीय विपद् व्यवस्थापन समितिले तोकेका अन्य आवश्यक कार्य गर्ने ।

(३) शिक्षा क्षेत्रको पुनर्निर्माण गर्ने अवधिमा (चरणमा) स्थानीय तह शिक्षा समूहको परिचालन देहाय बमोजिम हुनेछः-

(क) अझ राम्रो र बलियो निर्माणका लागि पैरवी गर्ने,

(ख) विपद् प्रतिकार्यको प्रभावकारिताका आधारमा समूहको कार्यक्षमता मूल्याङ्कन गर्ने र

(ग) कार्ययोजना कार्यान्वयनबाट भएका सिकाइका आधारमा भविष्यमा आउन सक्ने विपद्को परिदृष्यमा आधारित भई समूहको योजना परिमार्जन गर्ने ।

## परिच्छेद - ३

## नेपाल शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा विधि

**१८. <u>विपद् पूर्वतयारी र प्रतिकार्य योजनाको उद्देश्य</u>ः** नेपाल शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजनाको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) सुदृढ पूर्वतयारी गरी आपत्कालीन अवस्थामा (खास गरी प्रकोप पछिको दुई हप्ताको अवधिमा) सुरक्षित पठनपाठन तथा सिकाइको वातावरण एवं बालबालिका र शिक्षकहरूको दैनिकी पुनःस्थापना गर्नु,

(ख) विपद् प्रभावित विद्यालय र समुदायमा विभिन्न उमेर समूहका, विशेष गरी अपाङ्गता भएका र विपन्न परिवारका बालबालिका र किशोरकिशोरीलाई सुरक्षित पठनपाठन तथा सिकाइको वातावरण पुनःस्थापना र सुचारु गर्नु र

(ग) बालबालिका तथा किशोरकिशोरीहरूलाई प्रकोपबाट कसरी ज्यान बचाउने भन्ने ज्ञान, सिप र मनोसामाजिक परामर्श सहायता प्रदान गरी समुदायको उत्थानशील क्षमता अभिवृद्धि गर्नु ।

**१९. <u>योजना तर्जुमा विधि र प्रक्रियाः</u>** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्दा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) तथा प्रचलित कानुन अनुरूप देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) शिक्षा क्षेत्रको विपद् जोखिमको लेखाजोखा गर्ने,

(ख) विपद् जोखिमका आधारमा विभिन्न प्रकारका प्रकोपका कारण हुन सक्ने सामान्य देखि महाविपद् स्तरसम्मका विपद् र सम्भावित प्रभावको परिदृष्य विवरण तयार गर्ने,

(ग) परिदृष्य अनुसारको विपद् परिस्थितिको प्रभावकारीरूपमा व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोतसाधन लगायतका क्षमताको आँकलन गर्ने,

(घ) सम्बन्धित तहमा उपलब्ध स्रोतसाधन र विद्यमान क्षमताको मूल्याङ्कन गर्ने,

(ङ) खण्ड (ग) र (घ) को जानकारीका आधारमा सम्बन्धित तहमा अपुग स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने,

(च) अपुग स्रोतसाधनको परिपूर्ति गरी क्षमता सुदृढ गर्ने रणनीति सहित शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने,

(छ) योजनालाई सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गर्न समूह नेतृत्व, सहनेतृत्व मार्फत सम्बन्धित निकायमा पेश गर्ने र

(ज) योजना स्वीकृत भएपछि कार्यान्वयन गर्ने ।

२०. **<u>जोखिम विश्लेषण र विपद् परिदृष्य तयारीः</u>** (१) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) तथा प्रचलित कानुन बमोजिम उपलब्ध स्वीकृत विधि, प्रविधि र प्रकृया प्रयोग गरी शिक्षा क्षेत्रमा बहुप्रकोप सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिमको लेखाजोखा देहाय बमोजिम गर्न सकिनेछः-

(क) सम्बन्धित तहमा शिक्षा क्षेत्रको प्रकोप सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिमको लेखाजोखा गरी प्रकोपको प्रकृति, मात्रा र अन्य परिस्थिति अनुसार विपद् जोखिम एवं विभिन्न विपद् परिदृष्यमा शिक्षा क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभाव विश्लेषण गर्ने,

(ख) स्थानीय तहमा शिक्षा क्षेत्रको विपद् जोखिम लेखाजोखा गर्दा देहायका पक्षमा ध्यान दिनेः-

- विद्यालय रहेको भौगोलिक स्थान, परिसर र प्रकोप सम्मुखता,
- विद्यालय भवन एवं कक्षाकोठाको भौतिक संरचना, खानेपानी र शौचालय,
- विद्यालय पहुँचमार्ग सम्बन्धित विपद् जोखिम,
- विद्यालय सञ्चालनको तौरतरिका तथा त्यसमा हुन सक्ने विपद् जोखिम,
- बालबालिका केन्द्रित भई सम्बन्धित समुदायको विपद् जोखिम,
- शिक्षण सामग्रीको लेखाजोखा
- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी लेखाजोखा र
- अन्य जानकारी

(ग) स्थानीय, जिल्ला, प्रदेश तथा संघीय शिक्षा समूहले स्थानीय तहको समग्र विवरणको आधारमा सम्बन्धित तहको जोखिमको विश्लेषण गर्ने, जस्तैः-

- जिल्ला/प्रदेशमा बाढीको उच्च र मध्यम जोखिममा रहेका विद्यालय भवन/कक्षाकोठाको संख्या र अवस्था,
- जिल्ला/प्रदेशमा भूकम्पको उच्च जोखिममा रहेका विद्यालय भवन/कक्षाकोठा
- जिल्ला/प्रदेशमा आँधीहुरीको जोखिममा रहेका विद्यालय भवन/कक्षाकोठा,
- भूकम्पका कारण प्रभावित हुन सक्ने विद्यालय र विद्यार्थी संख्याको स्थानीय तह/जिल्ला/प्रदेशगत विवरण,
- भूकम्पका कारण नष्ट हुन सक्ने शिक्षण सामग्रीको स्थानीय तह/जिल्ला/प्रदेशगत विवरण आदि

(घ) विपद् जोखिम सम्बन्धी सूचना उपलब्ध भएसम्म स्थानीय तहको पार्श्वचित्र, सम्बन्धित तहको विपद् जोखिम लेखाजोखा प्रतिवेदन, शिक्षा क्षेत्रको योजना,

बालबालिकाको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, विद्यालय साथै शिक्षा क्षेत्रको विपद् जोखिम मूल्याङ्कन प्रतिवेदन लगायतका आधारमा द्वितीय स्रोतबाट लिन सकिनेछ ।

(ङ) सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको भए उक्त योजनामा भएका शिक्षा क्षेत्रसँग सम्बन्धित जानकारीलाई गरी विश्लेषण र अद्यावधिक गर्नुपर्नेछ ।

(च) द्वितीय स्रोतबाट आवश्यक जानकारी उपलब्ध नभएमा स्वीकृत विधि र प्रक्रिया अपनाएर विपद् सङ्कटासन्नताको लेखाजोखा गर्नुपर्नेछ ।

(छ) प्रकोपको प्रकृति, मात्रा, समुदाय र शैक्षिक संस्था (वा शिक्षा क्षेत्र) को सङ्कटासन्नता र अन्य परिस्थिति अनुसार शिक्षा क्षेत्रको विपद् जोखिमको विश्लेषण गर्नुपर्नेछ ।

(ज) प्रकोपको सम्भावना र त्यसले पार्न सक्ने प्रभावका आधारमा विपद् जोखिम विश्लेषण गर्न तलको तालिका प्रयोग गर्न सकिनेछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| घटना घट्न सक्ने सम्भावना | उच्च | | | | |
| | मध्यम | | | | |
| | न्यून | | | | |
| | अति न्यून | | | | |
| | | अति न्यून | न्यून | मध्यम | उच्च/व्यापक |
| | विपद्ले पार्न सक्ने क्षति/प्रभाव | | | | |

स्रोतः- प्रभावमा आधारित मौसमजन्य प्रकोपको पूर्वानुमान तालिका

**द्रष्टव्यः**- (१) माथिको तालिकामा जोखिम र प्रभाव प्रक्षेपण गर्दा खैरो रङ्गले न्यून जोखिम, पहेँलो रङ्गले सामान्य जोखिम/प्रभाव, गेरु रङ्गले मध्यम जोखिम र रातो रङ्गले उच्च जोखिम/प्रभाव जनाउँछ । यदि सम्भावना स्थिर (जस्तै भूकम्प) छ भने विपद् परिदृष्य तयार गर्दा यसको मात्रा/म्याग्नेट्युडका आधारमा खैरो रङ्गको क्षेत्र सामान्य स्तरको विपद्, पहेँलो रङ्गको क्षेत्र मध्यम स्तरको विपद्, गेरू रङ्गको क्षेत्र ठुलो स्तरको विपद् र रातो रङ्गको क्षेत्र महाविपद् मानेर विपद् प्रभावको विवरण तयार गर्न सकिन्छ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध भएको विपद् जोखिमको जानकारीका आधारमा देहाय बमोजिम विभिन्न प्रकारका प्रकोपबाट आउन सक्ने विपद् परिस्थितिको परिदृष्य तयार गर्न सकिनेछः-

(क) विपद् जोखिम सम्बन्धी जानकारीका आधारमा प्रकोपबाट हुन सक्ने मानवीय, भौतिक संरचना, स्रोतसाधन र सेवामा हुन सक्ने क्षतिको आँकलन गर्ने,

(ख) देहायका सूचक समावेश गरी घटना एवं प्रभावको विवरण (Case Load) तयार गर्नेः-

- विपद्को कारण मृतक वा बेपत्ता हुनेको संख्या,
- विपद्को कारण घाइते वा विरामी हुनेको संख्या,
- आश्रयस्थलमा राख्नु पर्ने विपद् प्रभावित परिवारको संख्या (समय अवधि कम्तीमा सात दिन),
- प्रकोपको बिस्तार वा विपद् प्रभावित क्षेत्र,
- समुदायमा धनसम्पत्ति र जीविकाको हानी नोक्सानी,
- खानेपानी, स्वास्थ्य, खाद्यान्न, विद्युत, सञ्चार र यातायात जस्ता अत्यावश्यक सार्वजनिक एवं आधारभुत सेवाका संरचनाहरूमा भएको क्षति,
- प्रकोप/विपद्का कारण पठनपाठन बन्द हुन सक्ने विद्यालय संख्या र बन्द हुने दिन/अवधि,
- सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न हुन वा फैलिन सक्ने) असर,
- मूल विपद्का कारण सङ्क्रामक, सरुवा रोग फैलिने जोखिम र
- अन्य सूचकहरू

(ग) खण्ड (ख) मा उल्लिखित सूचकहरूमा परेको प्रभावका आधारमा शिक्षा क्षेत्रको विपद् स्तर विश्लेषण तालिका (अनुसूची - २) बमोजिम समान्य, मध्यम, ठुलो र महाविपद् स्तरको विपद् मध्ये सामान्य र महाविपद्को साथै सबैभन्दा बढी सम्भावना भएको स्तरको विपद् परिदृष्य (best, worst and most likely disaster scenarios) तयार गर्ने,

विपद् परिदृष्य तयार गर्न विगतका घटनाको आधार लिन सकिनेछ ।

(घ) विपद् परिदृष्यका आधारमा शिक्षा क्षेत्रमा पर्ने प्रभावको विस्तृत परिदृष्य विवरण तयार गर्ने,

विवरण तयार गर्दा अन्य विषयक्षेत्रमा परेका प्रभावका कारण शिक्षा क्षेत्रमा पर्न सक्ने प्रत्यक्ष, अप्रत्यक्ष प्रभावलाई समेत समावेश गर्नुपर्नेछ । उक्त विपद् परिदृष्यहरूका आधारमा भैपरी आउन सक्ने विभिन्न विपद् परिस्थितिहरूको सकेसम्म विस्तृत विवरण तयार गर्नुपर्छ ।

२१. **विपद् परिदृष्य अनुसारको आवश्यकता र विद्यमान क्षमता विश्लेषणः** (१) दफा २० बमोजिम जोखिम विश्लेषणका आधारमा विभिन्न प्रकारका प्रकोपबाट आउन सक्ने विपद् परिस्थितिको प्रभावकारी रूपमा प्रतिकार्य गर्न आवश्यक पर्ने स्रोतसाधनको आँकलन देहाय बमोजिम गर्नुपर्नेछः-

(क) परिदृष्य बमोजिमका विभिन्न विपद् परिस्थितिमा प्रभावकारी प्रतिकार्य गर्नका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार आवश्यक जनशक्ति, सामग्री, प्रविधि, भौतिक संरचना र अन्य स्रोतसाधनको आँकलन गर्ने,

(ख) सामान्य, महाविपद् र सबैभन्दा बढी संभावित विपद् परिदृष्यको (best, worst and most likely disaster scenarios) सामना गर्न सम्बन्धित तहमा हुनुपर्ने क्षमता लेखाजोखा र आँकलन गरी तथ्याङ्क विवरण अनुसूची - ३ को फाराम (क) मा प्रविष्ट गर्ने,

(२) सम्बन्धित तहको समूहसँग रहेको स्रोतसाधनको लेखाजोखा गर्न देहायको प्रक्रिया अपनाउन सकिनेछः-

(क) शिक्षा समूहमा क्रियाशिल संस्था तथा सरोकारवालालाई सम्बन्धित विषयमा निजको विद्यमान क्षमता स्वघोषणा गर्न लगाई निम्न बमोजिमको विवरण सङ्कलन गरी अनुसूची - ३ को फाराम (ख) मा प्रविष्ट गर्नेः-

(१) संस्थाको परिचय (नाम, ठेगाना, सम्पर्क विवरण - को)

(२) संस्थाको काम गर्ने विषय (शिक्षा क्षेत्र अन्तर्गतका विभिन्न विषयः- सामग्री, जनशक्ति, औजार, प्रविधि, आर्थिक स्रोत, तथ्याङ्क आदि - के)

(३) संस्थाको काम गर्ने भौगोलिक क्षेत्र (स्थानीय तह, जिल्ला र प्रदेश - कहाँ)

(४) संस्थासँग उपलब्ध स्रोतसाधन तथा परिचालन क्षमता (गुणात्मक तथा परिमाणात्मक क्षमता - के, कति र कसरी - आवश्यक परेमा कसरी उपलब्ध गराउछ, तत्कालै उपलब्ध गराउन सक्छ कि सक्दैन आदि समेत)

(ख) खण्ड (क) बमोजिम उपलब्ध विवरणका आधारमा सम्बन्धित तहमा देहायका पक्षमा उपलब्ध समष्टिगत क्षमताको नक्शाङ्कन तथा विश्लेषण गर्नेः-

(१) आपत्कालीन अवस्थामा तत्कालै प्रयोग गर्न सकिने गरी उपलब्ध सुरक्षित खुला क्षेत्र एवं भौतिक पूर्वाधार संरचना,

(२) खानेपानी, स्वास्थ्य, खाद्यान्न, विद्युत, सञ्चार र यातायात जस्ता अत्यावश्यक एवं आधारभुत सेवाको उपलब्धता र तिनीहरूमा पहुँच,

(३) सम्बन्धित तहसँग भएको तत्काल परिचालन गर्न सकिने आपत्कालीन सहायता सेवाको उपलब्धता (जनशक्ति, उपकरण, सामग्री, भौतिक संरचना आदि),

(४) शिक्षा क्षेत्र सम्बन्धित आवश्यक सामग्री, दक्ष जनशक्ति, मेशिनऔजार, भौतिक संरचना, प्रविधि आदिको उपलब्धता,

(५) विपद् प्रतिकार्य गर्न आवश्यकता अनुसार तुरुन्तै खर्च गर्न सकिने गरी उपलब्ध नगद र

(६) अन्य क्षमता

(३) उपदफा (२) बमोजिम सङ्कलन गरिएको क्षमताको विवरण सबैले पाउन सक्ने गरी राख्नुपर्नेछ । सम्बन्धित निकायको डाटाबेस साथै शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेण्ट इन्फरमेसन सिस्टम (IEMIS) मा राखी सार्वजनिक रूपमा उपलब्ध हुने व्यवस्था गर्न सकिन्छ ।

(४) संघ, प्रदेश र स्थानीय तहको आवश्यकता तथा क्षमता विवरणमा दोहोरो गणना हुन नदिन विशेष सतर्कता अपनाउनुपर्नेछ ।

**२२. <u>स्रोतसाधन व्यवस्थापन</u>:** (१) विपद् परिदृष्य बमोजिमको आवश्यकता भन्दा सम्बन्धित तहमा उपलब्ध स्रोतसाधन कम भएमा अपुग स्रोतसाधन जुटाउन, उपलब्ध स्रोतसाधन र क्षमताको प्रभावकारी परिचालन गर्न विद्यमान क्षमता सुदृढ गर्न शिक्षा समूहले आवश्यक रणनीति तय गर्नुपर्नेछ ।

(२) अपुग स्रोतसाधन जुटाउन देहाय बमोजिम गर्न सकिनेछः-

(क) समूह सदस्यसँग छलफल गरी उनीहरूले जुटाउन थप स्रोतसाधनको परिमाण लेखाजोखा र परिमाण आँकलन गर्ने,

(ख) सम्बन्धित निकाय तथा संस्थाले अन्य प्रयोजनको लागि छुट्याएको स्रोतसाधन वा वार्षिक बजेट आपत्कालीन योजनामा उपयोग गर्न सकिने सम्भावनाको लेखाजोखा र उपलब्ध हुन सक्ने स्रोतसाधनको आँकलन गर्ने,

(ग) विपद् व्यवस्थापन कोषबाट रकम माग, निकासा गरी आवश्यक सामग्री, प्रविधि र अन्य स्रोत साधन खरिद गरी भण्डारण गर्ने,

(घ) अन्य विषयगत समूहबाट शिक्षा क्षेत्रको लागि उपलब्ध हुन सक्ने स्रोतसाधनको लागि समन्वय गर्ने,

(ङ) समूह नेतृत्वले अन्य स्थानीय तह, जिल्ला, प्रदेश वा संघमा रहेको आफ्नो निकायसँग समन्वय गरी तहाँबाट उपलब्ध हुन सक्ने सुनिश्चित स्रोतसाधनको परिमाण विश्लेषण गर्ने,

(च) विपद् अवधिमा आवश्यक परेमा शिक्षा क्षेत्रको लागि सामग्री, औजार र सेवा तत्काल खरिद गर्न वा भाडामा लिन समूह नेतृत्व, सहनेतृत्व वा सदस्य संस्थाले उपयुक्त आपूर्तिकर्ता, उद्योग व्यवसायीसँग प्रचलित कानुन बमोजिम अनुबन्ध करार गर्ने,

(छ) नेपाल शिक्षा समूहका सदस्य संस्थाले आपत्कालीन अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतबाट तत्कालै जुटाउन सक्ने नगद, सामग्री, औजार, प्रविधि, जनशक्ति तथा अन्य सहायता यकिन गरी आवश्यक व्यवस्था गर्ने र

(ज) तालिम, नमुना अभ्यास आदि गरी ज्ञान, सिप र दक्षता अभिवृद्धि गर्ने ।

(३) उपदफा (२) बमोजिमका स्रोतसाधन व्यवस्था गर्न र क्षमता सुदृढ गर्न सम्बन्धित तहको समूह नेतृत्व र सहनेतृत्वले अग्रसरता लिनुपर्नेछ ।

२३. **शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा**ः (१) सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियासँग सामञ्जस्य हुने गरी अनुसूची-४ बमोजिमको ढाँचामा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नुपर्नेछ । योजनामा देहायका विषयहरू समावेश गर्नुपर्नेछः-

(क) आधारभुत/सामान्य पूर्वतयारी सम्बन्धित क्रियाकलापहरू,

(ख) पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलापहरू,

(ग) प्रकोपको उद्गम, प्रकृति र त्यसबाट उत्पन्न हुन सक्ने विपद् परिस्थिति बमोजिम परिदृष्यका आधारमा विपद्को सामना गर्नका लागि पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू (जस्तैः- भूकम्प, शीतलहर, उष्णलहर, कोभिड जस्ता सङ्क्रामक रोगको महामारी आदि),

(घ) विपद्बाट भएको क्षति, प्रभाव तथा तत्कालीन आवश्यकताको द्रुत लेखाजोखा,

(ङ) आपत्कालीन अवधिमा पठनपाठन, सिकाइ निरन्तर गर्ने योजना,

(च) आपत्कालीन अवस्थामा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सवालहरूको सम्बोधन,

(छ) अनपेक्षित क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न भैपरी योजना,

(ज) विपद्को स्तर अनुसार प्रतिकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवी संस्था वा निकाय तथा स्वयंसेवक परिचालन गर्ने विषय,

(झ) क्षमता विकास एवं स्रोतसाधनको परिचालन,
(ञ) सूचना सङ्कलन, व्यवस्थापन र प्रतिवेदन,
(ट) अन्तरसम्बन्धित विषयक्षेत्रसँगको समन्वय र
(ठ) अन्य आवश्यक विषय ।

(२) उपदफा (१) बमोजिमको योजनामा भैपरी आउने परिस्थितिको सामना गर्न आवश्यक क्रियाकलाप, स्रोतसाधन र बजेटको विवरण समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम शिक्षा क्षेत्रमा भएको क्षति, प्रभाव र विपद् पश्चात् तत्कालीन आवश्यकताको लेखाजोखा <u>विपद् लेखाजोखा मार्गदर्शन, २०७२</u> बमोजिम गर्नुपर्नेछ । उक्त मार्गदर्शनबाट शिक्षा क्षेत्रको प्रकोप प्रारम्भिक द्रुत सर्वेक्षण प्रतिवेदन फाराम, बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा सर्वेक्षण फाराम, क्षतिको विस्तृत लेखाजोखा फाराम र विद्यालय मूल्याङ्कन फाराम भर्नुपर्नेछ।

**२४. <u>क्षमता परीक्षण तथा दक्षता विकासका लागि कृत्रिम घटना अभ्यास</u>**ः (१) विपद् प्रतिकार्य योजना कार्यान्वयनको परीक्षण गर्न सम्बन्धित तहको शिक्षा समूहले स्वीकृत विधि र मापदण्ड बमोजिम नमूना अभ्यास गर्नुपर्नेछ । विभिन्न प्रकोपका कारण हुने सामान्य देखि महाविपद् स्तरसम्मको र घटना हुन सक्ने अधिकतम सम्भावना भएको (best, worst and most likely disaster scenarios) विपद् परिदृष्य तयार गरी कृत्रिम घटना अभ्यास गर्न सकिनेछ ।

(२) नमुना अभ्यास गर्दा अन्तरसम्बन्धित विषयक्षेत्रसँगको समन्वय, सहकार्य साथै संघ, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहविचको समन्वय र सहयोगको ध्यान दिनुपर्नेछ ।

(३) नमुना अभ्यासबाट देहायका विषयमा परीक्षण गरी वर्तमान अवस्था, क्षमता आदि रुजु गर्न सकिनेछः-

(क) प्रभावित समुदाय र विद्यालयसम्मको पहुँच,
(ख) अस्थायी आश्रयस्थलका लागि प्रचलित मापदण्ड अनुसारको (आधारभुत सेवा सुविधा समेत) खुला स्थल र भौतिक संरचना,
(ग) समूहमा उपलब्ध दक्ष जनशक्ति,
(घ) उपलब्ध सामग्री, मेशिनऔजार र प्रविधि,
(ङ) समूहको परिचालन तथा व्यवस्थापकीय दक्षता,
(च) समुदायको सचेतना र प्रतिकार्यमा सहभागिता
(छ) अन्य विषयक्षेत्र र विपद् व्यवस्थापन निकायसँगको अन्तरसम्बन्ध,
(ज) अन्तरतहगत समन्वय र तहबाट हुनुपर्ने वा हुन सक्ने सहायता र
(झ) अन्य आवश्यक जानकारी

(४) नमुना अभ्यासबाट समुदाय, विद्यालय वा सम्बन्धित तहमा शिक्षा क्षेत्रको विद्यमान विपद् व्यवस्थापन क्षमता र थप गर्नुपर्ने स्रोतसाधन तथा सुदृढ गर्नुपर्ने क्षमताको बारेमा जानकारी हासिल हुनेछ । सो को आधारमा क्षमताको पुनरावलोकन र आवश्यक परिमार्जन गर्नुपर्नेछ ।

(५) नमुना अभ्यासबाट प्राप्त भएका जानकारी र सिकाइका आधारमा स्रोतसाधन र क्षमता सुदृढ गर्न विपद् प्रतिकार्य योजनामा आवश्यक परिमार्जन गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## समन्वय र सहकार्य

**२५. <u>संघ, प्रदेश, जिल्ला र स्थानीय तह शिक्षा समूह बिचको समन्वय र सहकार्य</u>**ः (१) संघ, प्रदेश र स्थानीय तहको शिक्षा समूहले देहायका कार्यसञ्चालन गर्न आपसी समन्वय र सहकार्य गर्नुपर्नेछः-

(क) शिक्षा क्षेत्रको विपद् जोखिम लेखाजोखा, नक्शाङ्कन तथा आधारभुत तथ्याङ्क विवरण व्यवस्थापन,

(ख) शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा साथै सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग,

(ग) अन्तरसम्बन्धित समूह बिच सञ्चार तथा सूचना आदानप्रदान,

(घ) विपद् घटना पश्चात् प्रारम्भिक अवस्थाको लेखाजोखा साथै विपद् अवधिमा तत्काल अद्यावधिक जानकारी आदानप्रदान,

(ङ) विपद् प्रतिकार्यमा सहयोग,

(च) स्रोतसाधनको एकीकृत व्यवस्थापन र क्षमता विकास,

(छ) सचेतना अभिवृद्धि, नीतिगत सुधारका लागि पैरवी र

(ज) अन्य आवश्यक कार्य ।

(२) विपद् घटना घट्ने बित्तिकै स्वतः परिचालित भई स्थानीय तह शिक्षा समूहले प्रारम्भिक अवस्थाको बारेमा जानकारी सङ्कलन गर्नुपर्नेछ । उक्त जानकारीका आधारमा स्थानीय तह आफैले व्यवस्थापन गर्न सक्छ वा बाह्य सहयोग आवश्यक पर्छ भन्ने निर्क्योल गर्न सक्नेछ । सहयोग आवश्यक भएमा के, कति सहयोग, कहिले आवश्यक पर्छ भन्ने विवरण समेत यकिन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी र स्थानीय तहको निर्णयको आधारमा संघ, प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूह बिच समन्वय गरी विपद् प्रतिकार्यका लागि आवश्यक सहयोग गर्न सकिनेछ ।

(३) यस दफा बमोजिमको समन्वय र सहकार्य गर्न सम्बन्धित तहको शिक्षा समूहको नेतृत्व र सहनेतृत्वले अग्रसरता लिनुपर्नेछ ।

२६. **<u>अन्तरविषयगत तथा निकायगत समन्वय र सहकार्य</u>**ः (१) शिक्षा समूहले देहाय बमोजिम अन्तरविषयगत साथै नजिकको भौगोलिक क्षेत्रमा क्रियाशिल शिक्षा समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछः-

(क) सम्बन्धित तहमा क्रियाशील अन्तरसम्बन्धित समूहसँग,
(ख) स्थानीय तह शिक्षा समूहले नजिकैको पायक पर्ने गाउँपालिका वा नगरपालिकामा रहेका शिक्षा समूहसँग,
(ग) जिल्लामा नजिकैको पायक पर्ने जिल्लाको शिक्षा समूहसँग,
(घ) प्रदेशमा अन्य प्रदेशको शिक्षा समूहसँग,
(ङ) संघमा सम्बन्धित मन्त्रालय, विभाग वा निकाय र अन्तर्राष्ट्रिय संस्थासँग ।

(२) उपदफा (१) को खण्ड (क) मा उल्लिखित सम्बन्धित तहमा क्रियाशील अन्तरसम्बन्धित समूह (क्लष्टर) देहाय बमोजिम हुन सक्नेछन्ः-

(क) खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन (वास),
(ख) स्वास्थ्य,
(ग) आपत्कालीन आश्रयस्थल,
(घ) खाद्य सुरक्षा,
(ङ) पोषण,
(च) संरक्षण,
(छ) शिक्षा,
(ज) शिविर समन्वय तथा शिविर व्यवस्थापन,
(झ) शीघ्र पुनर्लाभ,
(ञ) बन्दोबस्ती र
(ट) आपत्कालीन सञ्चार

२७. **<u>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका</u>**ः संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) शिक्षा समूहको परिचालनको लागि रणनीति, कार्यविधि, योजना स्वीकृत गर्ने,
(ख) कार्यकारी समितिसँग आवश्यक समन्वय गर्ने साथै कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्न शिक्षा समूहलाई आवश्यक मार्गनिर्देशन गर्ने,

(ग) दफा २६ बमोजिम अन्तरतहगत, निकायगत तथा विषयक्षेत्रगत समन्वय, सहकार्य गर्न समूहलाई आवश्यक सहजीकरण गर्ने,

(घ) प्रचलित कानुन बमोजिम समूहको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र

(ङ) विपद् प्रतिकार्यका लागि शिक्षा क्षेत्रको क्षमता सुदृढ गर्न आवश्यक अन्य कार्य गर्ने ।

२८. **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिका**: प्राधिकरणको भूमिका देहाय बमोजिम हुनेछः

(क) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूहको परिचालन गर्न सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ख) शिक्षा समूहको क्षमता अभिवृद्धि गर्न आर्थिक, प्राविधिक र नीतिगत सहयोग गर्ने,

(ग) संघीय शिक्षा समूहले पेश गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई संघीय/राष्ट्रिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्ने,

(घ) कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत् शिक्षा समूहलाई आवश्यक मार्गनिर्देशन तथा साथै सहयोग गर्ने र

(ङ) अन्य उपयुक्त सहयोग गर्ने ।

२९. **पाठ्यक्रम विकास केन्द्रबाट सहयोग लिने**: शिक्षा समूहले पाठ्यक्रम विकास केन्द्रबाट देहाय बमोजिम सहयोग लिन सक्नेछः

(क) आपत्कालीन सिकाइको पाठ्यक्रम विकास,

(ख) तालीम तथा सचेतनामूलक सामग्रीको विकास र

(ग) अन्य आवश्यक सहयोग ।

३०. **प्रदेश सरकार, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको निर्देशन र समन्वयमा काम गर्ने**: प्रदेश शिक्षा समूहले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट तोकिए बमोजिम प्रदेशमा शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट आवश्यक निर्देशन र सहयोग लिनेछ ।

३१. **शिक्षा विकास तथा समन्वय इकाईको भूमिका**: शिक्षा विकास तथा समन्वय इकाई (जिल्ला) को भूमिका देहाय बमोजिम हुनेछः

(क) जिल्ला शिक्षा समूहको नेतृत्व गर्ने,

(ख) स्थानीय तह शिक्षा समूहसँग समन्वय गरी कार्यक्रम तथा योजनाको जानकारी लिने,

(ग) स्थानीय समूहलाई आवश्यक सहयोग तथा अन्य स्थानीय तहका समूहसँग समन्वय र सहकार्य गर्न सहजीकरण गर्ने,

(घ) जिल्ला विपद् व्यवस्थापन समितिको योजनामा शिक्षा क्षेत्रका क्रियाकलापहरू समावेश गर्ने,

(ङ) प्रदेश तथा संघीय शिक्षा समूहसँग समन्वय गर्ने र

(च) जिल्ला विपद् व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

**३२. <u>स्थानीय तह शिक्षा समितिको भूमिका</u>**ः स्थानीय तह शिक्षा समितिको भूमिका देहाय बमोजिम हुन सक्नेछः

(क) स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(ख) स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा शिक्षा क्षेत्रको योजना एकीकृत गर्न समन्वय गर्ने,

(ग) स्थानीय तहको विद्यालय पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न समन्वय गर्ने र

(घ) स्थानीय तहको शिक्षा समिति मार्फत् आवधिक योजनामामा विपद् व्यवस्थापनका कार्यक्रम समावेश गर्न सुनिश्चित गर्ने ।

## परिच्छेद - ५

## क्षमता अभिवृद्धि तथा संस्थागत प्रणाली सुदृढीकरण

**३३. <u>शिक्षा समूहको क्षमता अभिवृद्धि</u>**ः (१) संघ, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तह शिक्षा समूहले देहायका क्षेत्रमा आवश्यक क्षमताको विकास गर्न सकिनेछः-

(क) आपत्कालीन अवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार,

(ख) आपत्कालीन अवस्थामा सिकाइ निरन्तर गर्न सामग्री, औजार तथा प्रविधि,

(ग) विभिन्न प्रकारको जनशक्ति,

(घ) संस्थागत संरचना र समन्वय संयन्त्र,

(ङ) आर्थिक स्रोत,

(च) संघ, प्रदेश तथा स्थानीय तहबाट विपद् व्यवस्थापनका लागि वार्षिकरूपमा विनियोजित बजेट, आपत्कालमा प्रयोग गर्न सञ्चित कोष,

(छ) आर्थिक स्रोत व्यवस्थापन गर्न बीमा लगायतका अन्य रणनीति लागु गर्न सम्बन्धित निकायलाई सहयोग तथा पैरवी,

(२) संघीय शिक्षा समूहले देहाय बमोजिमको क्षमता विकास गर्नुपर्नेछः

(क) प्रदेश तथा स्थानीय शिक्षा समूहसँग सहकार्य गरी महाविपद्सम्मको स्तरको विपद्मा शिक्षा क्षेत्रको प्रतिकार्य तथा पुनर्लाभका लागि आवश्यक पर्ने अधिकतम संख्या वा परिमाणमा दक्ष जनशक्ति, शैक्षिक सामग्री, अस्थायी सिकाइ केन्द्र निर्माणका लागि आवश्यक सामग्री, भौतिक संरचना, मेशिन औजार एवं प्रविधि, आकस्मिक कोष लगायतका क्षमता,

(ख) आपत्कालीन अवस्थामा सहज पहुँच हुने गरी क्षेत्रीय वितरणलाई समेत मध्यनजर गरी मेशिन औजार, शैक्षिक सामग्री र अन्य सहायता सामग्रीको उचित भण्डारण र व्यवस्थापन,

(ग) उद्धार, राहत तथा पठनपाठन निरन्तरता गर्न स्रोत व्यक्ति, शिक्षक, उद्धारकर्ता र अन्य सहायताकर्मीलाई आवश्यक तालिम, नमुना अभ्यास,

(घ) अन्य समूहसँग समन्वय गरी समुदायमा तालिम, नमुना अभ्यास गर्न प्रदेश र स्थानीय तहलाई सहयोग,

(ङ) विद्यालय तथा समुदायको क्षमता विकास गर्न स्थानीय शिक्षा समूहलाई सहयोग र

(च) कार्यकारी समितिले तोकेको अन्य क्षमता ।

(३) प्रदेश शिक्षा समूहले देहाय बमोजिमको क्षमता विकास गर्नुपर्नेछः

(क) विपद् परिदृष्य बमोजिम ठुलो स्तरसम्मको विपद्मा प्रदेशले बाह्य सहयोग नलिई स्थानीय तहलाई सहयोग गर्न वा प्रदेशले नेतृत्व गरी व्यवस्थापन गर्न र महाविपद्मा संघको नेतृत्वमा व्यवस्थापन गर्न शिक्षा क्षेत्रको प्रतिकार्य तथा पुनर्लाभका लागि आवश्यक पर्ने अधिकतम संख्या वा परिमाणमा दक्ष जनशक्ति, शैक्षिक सामग्री, अस्थायी सिकाइ केन्द्र निर्माणका लागि आवश्यक सामग्री, भौतिक संरचना, मेशिन औजार एवं प्रविधि, तालिम, आकस्मिक कोष लगायतका क्षमता,

(ख) संघीय शिक्षा समूह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आपत्कालीन अवस्थामा विपद् प्रभावित समुदाय/विद्यालयमा पुऱ्याउन सहज हुने गरी मेशिन औजार, सामग्रीको उचित भण्डारण, व्यवस्थापन,

(ग) उद्धार, राहत तथा पठनपाठन निरन्तर गर्न स्रोत व्यक्ति, शिक्षक, उद्धारकर्ता र अन्य सहायताकर्मीलाई आवश्यक तालिम र नमुना अभ्यास,

(घ) अन्तरविषयगत समूहसँग समन्वय गरी समुदायमा तालिम, नमुना अभ्यास गर्न स्थानीय तहलाई सहयोग,

(ङ) विद्यालय तथा समुदायको क्षमता विकास गर्न स्थानीय तहको शिक्षा समूहलाई सहयोग र

(च) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले तोकेको अन्य क्षमता ।

(४) स्थानीय तह शिक्षा समूहले देहाय बमोजिमको क्षमता विकास गर्नुपर्नेछः

(क) बाह्य सहयोग नलिई मध्यम स्तरसम्मको विपद् आफैले व्यवस्थापन गर्न सक्ने गरी शिक्षा क्षेत्रको प्रतिकार्य तथा पुनर्लाभिका लागि आवश्यक पर्ने अधिकतम संख्या वा परिमाणमा दक्ष जनशक्ति, शैक्षिक सामग्री, अस्थायी सिकाइ केन्द्र निर्माणका लागि आवश्यक सामग्री, भौतिक संरचना, मेशिन औजार एवं प्रविधि, आकस्मिक कोष लगायतका क्षमता विकास,

(ख) मध्यम स्तरसम्मको विपद्को प्रभावकारी प्रतिकार्य गर्न यदि बाह्य सहायता आवश्यक परेमा समेत जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेशको सहयोग लिई स्थानीय तहले नेतृत्व गरी शिक्षा क्षेत्रको विपद् प्रतिकार्य तथा पुनर्लाभ कार्य गर्नका लागि समूहको क्षमता विकास,

(ग) ठुलो स्तरको विपद्मा प्रदेशको सहयोग लिई वा प्रदेशको नेतृत्वमा विपद् प्रतिकार्य गर्न अधिकतम संख्या वा परिमाणमा दक्ष जनशक्ति, सामग्री, भौतिक संरचना, मेशिनऔजार एवं प्रविधि, आकस्मिक कोष लगायतका क्षमता विकास,

(घ) ठुलो स्तरको विपद् वा महाविपद्मा संघको सहयोग लिई वा संघको नेतृत्वमा व्यवस्थापन गर्न अधिकतम संख्या वा परिमाणमा दक्ष जनशक्ति, सामग्री, भौतिक संरचना, मेशिनऔजार एवं प्रविधि, आकस्मिक कोष लगायतका क्षमता विकास,

(ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावित समुदाय वा विद्यालयमा पुऱ्याउन सहज हुने गरी मेशिन औजार, सामग्रीको उचित भण्डारण र व्यवस्थापन,

(च) उद्धार, राहत तथा पठनपाठन निरन्तर गर्न शिक्षक, कर्मचारी, स्थानीय स्रोत व्यक्ति, उद्धारकर्ता र अन्य सहायताकर्मीलाई आवश्यक तालिम, नमुना अभ्यास तथा अन्य आवश्यक व्यवस्था,

(छ) अन्तरसम्बन्धित समूहसँग समन्वय गरी समुदायमा तालिम, नमुना अभ्यास गर्न स्थानीय तहलाई सहयोग गर्न आवश्यक क्षमता र

(ज) विपद् प्रतिकार्यका लागि विद्यालय तथा समुदायको क्षमता विकास गर्न विद्यालय व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्न आवश्यक क्षमता ।

**३४. <u>दक्षता अभिवृद्धि तालिम</u>**ः (१) संघीय शिक्षा समूहले शिक्षक, कर्मचारीलाई दिइने तालिम तथा अभ्यास, विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीका लागि उपयुक्त पाठ्यक्रम, तालिम सामग्रीको विकास तथा प्रशिक्षक प्रशिक्षण गर्नुपर्नेछ ।

(२) प्रदेश शिक्षा समूहले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत तालिम तथा अभ्यास पाठ्यक्रम बमोजिम स्थानीय भाषामा पाठ्यक्रम, पुस्तक तथा सिकाइ सामग्रीको विकास गर्न सक्नेछ ।

(३) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूहले आपसमा समन्वय गरी देहाय बमोजिमको चेतना अभिवृद्धिमूलक कार्यक्रम, तालिम, अभ्यास आदि सञ्चालन तथा सो को लागि स्रोतसाधनको व्यवस्था गर्न सम्बन्धित संस्था, निकायलाई सहयोग गर्न सक्नेछः-

(क) शिक्षकलाई तालिम, अनुशिक्षण, प्रशिक्षण तथा अभ्यास साथै सामग्री,
(ख) विद्यार्थीलाई अतिरिक्त कक्षा, तालिम तथा कृत्रिम घटना अभ्यास,
(ग) विद्यालय सञ्चालक समिति तथा अभिभावकलाई तालिम तथा कृत्रिम घटना अभ्यास,
(घ) समुदाय, वडा तथा स्थानीय तहमा गरिने प्रशिक्षण, तालिम तथा अभ्यास,
(ङ) विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको लागि शारीरिक, मानसिक तथा उमेर अवस्था अनुसारको विशिष्टिकृत तालिम, प्रशिक्षण र अभ्यास र
(च) विद्यालय साथै स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा ।

**३५. <u>बजेट तथा खर्च सम्बन्धी</u>**ः (१) शिक्षा समूहको कार्यसञ्चालन गर्न आवश्यक बजेट सदस्य संस्थाहरूको स्रोतबाट व्यहोरिनेछ । सम्बन्धित तहको भैपरी योजना लागू गर्न आवश्यक बजेट भरसक सोही समूहका सदस्यहरूले जुटाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यमा खर्च गर्ने संस्थाले आफ्नो नियम अनुसार खर्चको विवरण राख्नेछ र लेखापरीक्षण गराउनेछ ।

(३) समूहले कुनै लक्षित कार्यक्रम वा योजना सम्पन्न गर्न प्रचलित कानुन बमोजिम सामुहिक कोष (basket fund) खडा गरी कार्यसञ्चालन गर्न सक्नेछ । यस्तो कोषको खाता सञ्चालन र लेखापालन समूह सहनेतृत्व वा समूहले तोकेको सदस्य संस्थाले गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिमको बजेट तथा खर्चको विवरण समूहको आगामी बैठक मार्फत सदस्यहरूलाई जानकारी गराउनुपर्नेछ ।

(५) समूह नेतृत्वले समूहको खर्चको समग्र विवरण आवधिक रूपमा उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

(६) शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्नका लागि संघ, प्रदेश तथा स्थानीय तहको सम्बन्धित निकायबाट बजेट विनियोजन गर्न पैरवी गर्न सकिनेछ ।

(७) सामग्री तथा सेवा खरिद गर्दा खरिद ऐन, नियम र कार्यविधि बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद - ६
## सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी

**३६. <u>सामान्य अवस्थामा सूचना व्यवस्थापन</u>**: (१) विपद् पूर्वतयारी चरणमा शिक्षा क्षेत्रको तथ्याङ्क व्यवस्थापन र सूचना सम्प्रेषण देहाय बमोजिम गर्न सकिनेछः-

(क) स्वीकृत विधि र प्रक्रिया प्रयोग गरी समग्र विपद् जोखिम सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने,

(ख) सङ्कलित तथ्याङ्कलाई तोकिएको उपयुक्त विद्युतीय वा छपाई अवस्थामा सुरक्षित भण्डारण गर्ने,

(ग) तथ्याङ्कको विश्लेषण गरी उपयुक्त प्रतिवेदन, सूचना वा सचेतना सामग्री तयार गर्ने र

(घ) प्रतिवेदन, सूचना वा सचेतना सामग्री प्रकाशन/सम्प्रेषण गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्कमा देहायका जानकारी हुनुपर्नेछः-

(क) सरकारी र संस्थागत विद्यालय तथा अन्य शिक्षण संस्थाको भौगोलिक अवस्थिति र पहुँचमार्ग सम्बन्धी जानकारी,

(ख) विद्यालय भवन, कक्षा कोठा, शौचालय, पिउने पानी, परिसर आदि सम्बन्धी अद्यावधिक जानकारी,

(ग) विद्यार्थीको उमेर, लिङ्ग, अध्ययनरत कक्षा, कुनै किसिमको अपाङ्गता भए सो समेतको अद्यावधिक विवरण,

(घ) शिक्षक र कर्मचारीको विवरण,

(ङ) सञ्चालक समितिको विवरण,

(च) विद्यालयको विपद् जोखिम तथा व्यवस्थापन योजना सम्बन्धी जानकारी,

(छ) सम्पर्क व्यक्तिहरूको विवरण र

(ज) अन्य आवश्यक जानकारी

(३) उपदफा (२) बमोजिमको तथ्याङ्क, प्रकाशन तथा अन्य जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेण्ट इन्फरमेसन सिस्टम (IEMIS) मा राखी सार्वजनिक रूपमा उपलब्ध हुने व्यवस्था गर्नुपर्नेछ ।

(४) शिक्षा क्षेत्रको समग्र विपद् तथ्याङ्क र प्रमाणमा आधारित भएर सञ्चार तथा रिपोर्टिङ प्रणाली सञ्चालन गरिनेछ ।

(५) सम्बन्धित तहमा शिक्षा समूहका सदस्य संस्था र आपत्कालीन अवस्थामा समेत सम्पर्क गर्ने व्यक्तिहरूको सम्पर्क फोन, फ्याक्स, इमेल आदिको सुची तयार गरी समूहको रिपोर्टिङ्ग तथा सूचना आदानप्रदान संयन्त्र सञ्चालन गर्नुपर्नेछ ।

(६) संघ, प्रदेश, जिल्ला र स्थानीय तह शिक्षा समूहको बिचमा अन्तरतहगत सूचना आदानप्रदान सम्बन्धित तहको समूह नेतृत्व वा सहनेतृत्वबाट गर्नुपर्नेछ ।

**३७. <u>आपत्कालीन अवस्थामा सूचना व्यवस्थापन</u>:** (१) विपद् प्रतिकार्य चरणमा शिक्षा क्षेत्रको तथ्याङ्क व्यवस्थापन र सूचना सम्प्रेषण देहाय बमोजिम हुनुपर्नेछः-

(क) स्वीकृत विधि र प्रक्रिया प्रयोग गरी शिक्षा क्षेत्रको विपद् क्षति र जोखिम सम्बन्धी तथ्याङ्क सङ्कलन, भण्डारण, विश्लेषण र प्रकाशन/सम्प्रेषण गर्ने गराउने,

(ख) शिक्षा क्षेत्रको प्रतिकार्य सम्बन्धी जानकारी व्यवस्थापन गर्ने,

(ग) समूह नेतृत्व वा सहनेतृत्वले सम्बन्धित तहको समूहभित्र, अन्य समूहसँग साथै अन्तरतहगत सूचना तथा जानकारी आदानप्रदान गर्ने गराउने,

(घ) तथ्याङ्क, प्रकाशन तथा अन्य जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेण्ट इन्फरमेसन सिस्टम (IEMIS) मा राख्ने,

(ङ) आपत्कालीन अवस्थामा रियलटाइम तथ्याङ्क उपलब्ध हुने गरी सूचना सङ्कलन तथा व्यवस्थापन गर्ने र

(च) अन्य आवश्यक कार्य गर्ने ।

(२) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूहको नेतृत्व र सहनेतृत्वले विपद् प्रतिकार्य चरणमा तथ्याङ्क व्यवस्थापन र सूचना सम्प्रेषणको लागि आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**३८. <u>प्रतिवेदन तथा सूचना आदानप्रदान</u>:** (१) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूहले सम्बन्धित प्रतिवेदन तथा तथ्याङ्क विवरण शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेण्ट इन्फरमेसन सिस्टम (IEMIS) मा प्रविष्ट गरी अद्यावधिक गर्नुपर्नेछ ।

(२) स्थानीय तह शिक्षा समूहले प्रकोप, सङ्कटासन्नता, विपद् जोखिम लगायतका तथ्याङ्क विवरण, समूहको योजना, प्रगति प्रतिवेदन तथा अन्य जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईलाई छिटोछरितो र भरपर्दो माध्यमबाट आवधिक रूपमा पठाउनुपर्नेछ ।

(३) शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह शिक्षा समूह, स्थानीय तह वा सम्बन्धित विद्यालयसँग समन्वय गरी प्राप्त सूचनालाई तत्कालै मन्त्रालय/विभागले सञ्चालन गरेको पोर्टलमा प्रविष्ट गरी अद्यावधिक गर्नुपर्नेछ । साथै सम्बन्धित प्रदेशलाई समेत जानकारी गराउनुपर्नेछ ।

**३९. <u>सञ्चार तथा पैरवी योजना</u>**ः (१) शिक्षा समूहको सञ्चार प्रणाली देहाय बमोजिम सञ्चालन गर्न सकिनेछः-

(क) सामान्य अवस्थामा समूहका सदस्यहरू साथै अन्य समूह एवं सरोकारवालासँग सञ्चार तथा सूचना आदानप्रदान गर्नका लागि उपयुक्त संयन्त्र तयार गर्ने,

(ख) आपत्कालीन अवस्थामा सञ्चार तथा सूचना आदानप्रदान गर्न समूहको सदस्य संस्थाका सम्पर्क व्यक्तिको सूचीबाट अनुसूची - ५ बमोजिमको सञ्चार-वृक्ष चित्र तयार गर्ने र

(ग) समूहको आधिकारिक प्रवक्ता छनोट गरी निज मार्फत् सूचना तथा समूहको दृष्टिकोण सार्वजनिक गर्ने ।

(२) सम्बन्धित तहका समूह नेतृत्व वा सहनेतृत्वले संघ, प्रदेश, जिल्ला र स्थानीय तहका शिक्षा समूहको बिचमा आपसी सञ्चार गर्नुपर्नेछ ।

(३) शिक्षा समूहले अनुसूची - ६ बमोजिमको ढाँचामा सञ्चार तथा पैरवी कार्ययोजना तयार गरी लागु गर्नुपर्नेछ ।

(४) समूहको सञ्चार तथा पैरवी सम्बन्धी सचेतना सामग्री, तालिम र सूचना सम्प्रेषणमा देहायका बिषय समावेश गर्नुपर्नेछः-

(क) विपद् उत्पन्न हुने कारण र विपद् उत्पन्न हुन नदिन गर्नुपर्ने कार्यहरू

(ख) विपद् भैहालेमा त्यसको प्रतिकार्यमा गर्नुपर्ने कार्यहरू,

(ग) विपद् प्रतिकार्यका लागि गर्नुपर्ने पूर्वतयारी र गर्नुपर्ने कार्यहरू,

(घ) विपद् प्रतिकार्य पछि सामान्य अवस्थामा फर्कन, फर्काउन गर्नुपर्ने कार्यहरू,

(ङ) पुनःस्थापना र पूनर्निर्माणका बारेमा सम्बन्धित समुदाय साथै तहका नीति र योजनामा समावेश गरी लागु गर्ने विषयहरू र

(च) अन्य उपयुक्त विषय र सवालहरू ।

(५) सञ्चार तथा पैरवीको प्रक्रिया देहाय बमोजिम गर्न सकिनेछः-

(क) विस्तृत जानकारी र सत्यतथ्यमा आधारित समस्या वा सवालको छनोट गर्ने,
(ख) समस्या वा सवालको विश्लेषण गरी सञ्चार तथा पैरवीको उद्देश्य निर्धारण गर्ने,
(ग) लक्षित समुदायको अर्थराजनीतिक तथा सामाजिक अवस्था विश्लेषण गर्ने,
(घ) पैरवीबाट हासिल गरिने लक्ष्य र लक्षित समूह/समुदाय (दाता, सरकारी अधिकारी, प्रभावित समुदाय आदि) निर्धारण गर्ने,
(ङ) लक्षित समूहका लागि सूचना, जानकारी तथा सन्देश तयार गर्ने,
(च) उपयुक्त सञ्चार माध्यम तथा रणनीतिको छनोट गर्ने,
(छ) सूचना, सन्देश तथा जनचेतनामूलक सामग्री संप्रेषण एवं प्रचारप्रसार गर्ने र
(ज) सञ्चार तथा पैरवीको प्रभावकारिता अनुगमन तथा मूल्याङ्कन गर्ने।

(६) सञ्चार तथा पैरवी गर्दा देहायका सिद्धान्त पालना गर्नुपर्नेछः

(क) शिक्षा बालबालिकाको आधारभुत मानव अधिकार हो,
(ख) बालबालिका तथा युवाको विकासका लागि शिक्षा/पठनपाठन अपरिहार्य हुन्छ,
(ग) शिक्षा र सचेतना अभिवृद्धिका माध्यमबाट समुदायमा विपद् जोखिम कम गर्न मद्दत पुग्छ,
(घ) बालबालिकाको पठनपाठन सुचारु गरी विपद् प्रभावित समुदायको दैनिकीलाई सामान्य अवस्थामा फर्काउन गर्न सहज हुन्छ ।

## परिच्छेद - ७

## अनुगमन तथा मूल्याङ्कन

**४०. <u>अनुगमन</u>ः** (१) शिक्षा समूहको परिचालन साथै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रभावकारीरूपमा कार्यान्वयन भएका छन् छैनन् भन्ने जानकारी लिन तथा आवश्यक सुधार गर्न सम्बन्धित निकायले अनुगमन गर्ने, गराउनेछ ।

(२) अनुगमन गर्दा विभिन्न चरणका क्रियाकलापको साथै समग्र योजनाको गर्नु, गराउनुपर्नेछ ।

(३) अनुगमन प्रचलित कानुन र अन्तर्राष्ट्रिय अभ्यास बमोजिमको विधि र प्रक्रिया अपनाई गरिनेछ ।

(४) सम्बन्धित तहमा एक प्रतिनिधिमूलक टोली गठन गरी अनुगमन गर्न सकिनेछ ।

(५) अनुगमन गर्दा देहायका पक्षमा ध्यान दिनुपर्नेछः-

(क) कार्यान्वयन भैरहेको कार्यक्रमको प्रभावकारिता,

(ख) निरन्तरता दिनुपर्ने क्रियाकलाप एवं तत्काल सुधार गर्नुपर्ने क्रियाकलाप सम्बन्धी विषय,

(ग) स्रोतसाधनको उपयोग तथा पर्याप्तता सम्बन्धी विषय र

(घ) अन्य आवश्यक विषय ।

**४१. <u>मूल्याङ्कनः</u>** (१) शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपयुक्त तवरले कार्यान्वयन भएका छन् छैनन् साथै तिनले अपेक्षित नतिजा प्राप्त गर्न सके वा सकेनन् भन्ने जानकारी लिन र भविष्यमा आवश्यक सुधार गर्न सिकाइ तथा शिफारिसका लागि मूल्याङ्कन गरिनेछ ।

(२) मूल्याङ्कन प्रचलित कानुन र मानवीय सहायताको मूल्याङ्कन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास बमोजिमको विधि र प्रक्रिया अपनाई गरिनेछ ।

(३) मूल्याङ्कन गर्दा अन्य सवालको साथै देहायका पक्षमा ध्यान दिनुपर्नेछः-

(क) समूहको परिचालन, कार्यक्रम तथा योजना कार्यान्वयनको प्रभावकारिता,

(ख) खर्चको मितव्ययिता,

(ग) अपाङ्गता भएका बालबालिका लगायत, लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सवालहरूको उचित सम्बोधन,

(घ) कार्यक्रमको समग्र प्रभाव,

(ङ) कार्यक्रमबाट विपद् उत्थानशीलतामा भएको योगदान र

(च) कार्यक्रमबाट भएका सिकाइ तथा भविष्यमा अपनाउनु पर्ने सावधानीहरू ।

(४) अनुगमन तथा मूल्याङ्कन अनुसूची - ७ को फाराम प्रयोग गर्न सकिनेछ ।

(५) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त अनुभव एवं सिकाइ आगामी योजना तर्जुमा तथा कार्यान्वयनमा उपयोग गर्नुपर्नेछ ।

## परिच्छेद - ८

## विविध

**४२. <u>अनुसूचीमा हेरफेरः</u>** (१) शिक्षा तथा मानवस्रोत विकास केन्द्रले यस कार्यविधिको अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**४३. <u>गुणस्तर र मापदण्ड निर्धारणः</u>** (१) शिक्षाका लागि न्यूनतम मापदण्ड, सम्बन्धित विषयका विज्ञ तथा सरोकारवालाहरूसँग आवश्यक परामर्श गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले देहाय बमोजिमका विधि, प्रविधि, सामग्री आदिको गुणस्तर तथा मापदण्ड निर्धारण गर्न सहजीकरण गर्नेछः-

(क) शिक्षा क्षेत्रको विपद् जोखिम तथा प्रभावको लेखाजोखा गर्ने विधि, प्रक्रिया, सामग्री तथा प्रविधि,

(ख) शिक्षा क्षेत्रको विपद् प्रतिकार्यका लागि चाहिने विभिन्न विषयमा दक्ष जनशक्ति, सामग्री, मेशिनऔजार, प्रविधि आदिको उपयुक्त परिमाण र गुणस्तर मापदण्ड,

(ग) विपद् क्षति र तत्कालीन एवं मध्यमकालीन सहायता आवश्यकताको लेखाजोखा (IRA, MIRA) गर्ने मार्गदर्शक सामग्री (Guidance tools) तथा प्रविधि र प्रक्रिया,

(घ) तालिम सामग्री तथा पाठ्यक्रम, नमुना अभ्यास, जनचेतनामूलक सामग्री,

(ङ) विभिन्न प्रकारका चेतनामूलक सार्वजनिक सन्देश र

(च) अन्य आवश्यक सामग्री, प्रविधि, जनशक्ति आदिको गुणस्तर र मापदण्ड ।

**४४. <u>समूहको बैठक बस्न नसक्ने अवस्थामा निर्णय प्रक्रियाः</u>** (१) आपत्कालीन अवस्थामा वा अन्य मनासिव कारणले शिक्षा समूहको बैठक बस्न नसकेका समयमा समूह नेतृत्व, सहनेतृत्व र उपलब्ध सदस्यले समन्वय गरी तत्काल सम्पन्न गर्नुपर्ने समूहका काम, कर्तव्य र जिम्मेवारी वहन गर्न, गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गरेको छलफल र कामका बारेमा शिक्षा समूहको आगामी बैठकमा जानकारी गराउनुपर्नेछ।

**४५. <u>विद्यालय जाने उमेर नभएका वा विभिन्न कारणले विद्यालय नआएका बालबालिका सम्बन्धी</u>ः** विद्यालय आउने उमेर नभएका वा विभिन्न कारणले विद्यालय नआएका बालबालिकालाई आपत्कालीन अवस्थामा सिकाइ निरन्तरता गर्न स्वीकृत कार्यविधि र प्रचलित अभ्यास बमोजिम उपयुक्त वातावरणमा सिकाइ व्यवस्था गर्नुपर्नेछ ।

**४६. <u>सन्दर्भ सामग्री तथा मार्गदर्शक स्रोत सामग्री</u>ः** (१) यस निर्देशिका लागु गर्न आवश्यक तालिम, नमुना अभ्यास आदि सञ्चालन गर्नको लागि अनुसूची - ८ मा उल्लिखित सन्दर्भ सामग्री प्रयोग गर्न सकिने छ ।

(३) पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सन्दर्भ सामग्री मात्रै प्रयोग गर्नुपर्नेछ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सन्दर्भ सामग्रीको परीक्षण तथा स्वीकृतिका लागि समन्वय र सहजीकरण गर्नुपर्नेछ ।


(४) शिक्षा समूहले कार्यसञ्चालन गर्दा अनुसूची - ९ मा उल्लिखित मार्गदर्शक नीति, कानुन तथा योजनाका प्रावधानहरूमा ध्यान दिनुपर्नेछ ।

**४७. <u>स्पष्ट गर्न सक्ने</u>ः** यस निर्देशिकाको प्रयोगमा कुनै द्विविधा भएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्पष्ट गर्ने, गराउनेछ ।

अनुसूची १

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

शिक्षा समूहको सङ्गठन संरचना र समन्वय संयन्त्र चित्र



# अनुसूची - २

## (दफा १० को उपदफा (१) को खण्ड (ख) र दफा २० को उपदफा (२) सँग सम्बन्धित)
## प्रभावका आधारमा शिक्षा क्षेत्रको विपद् स्तर विश्लेषण तालिका

| | |
|---|---|
| १. सामान्य स्तरको विपद् (Minor Disaster) । तथ्याङ्क कोड - L0 | २. मध्यम स्तरको विपद् (Major Disaster) । तथ्याङ्क कोड – L1 |
| ३. ठुलो स्तरको विपद् (Severe Disaster) । तथ्याङ्क कोड – L2 | ४. महाविपद् (Catastrophic Disaster) । तथ्याङ्क कोड – L3 (महाव्याधी, महाभूकम्प आदि) |

विपद् स्तरको नाम एकीकृत विद्युतीय तथ्याङ्क प्रणाली (BIPAD Portal) मा प्रयोग गरिएको नामसँग तालमेल हुने गरी प्रयोग गरिएको छ ।

| **प्रकोप, विपद्का सूचकहरू** | **विपद्को स्तर** | | | |
|---|---|---|---|---|
| | **सामान्य स्तरको विपद् L0** | **मध्यम स्तरको विपद् L1** | **ठुलो स्तरको विपद् L2** | **महाविपद् L3** |
| विपद्को कारण मृतक वा वेपत्ता हुने विद्यार्थी, शिक्षक तथा कर्मचारीको संख्या | ० | १० | १० | ५० |
| विपद्को कारण घाइते वा विरामी हुने विद्यार्थी, शिक्षक तथा कर्मचारीको को संख्या | २० | ५० | १०० | ५०० |
| आश्रयस्थलमा राख्नु पर्ने विपद् प्रभावित परिवारको संख्या (समय अवधि कम्तीमा सात दिन) | २० | ५० | १०० | ५०० |
| खाद्यान्न उपलब्ध गराउनु पर्ने परिवारको संख्या (समय अवधि कम्तीमा सात दिन) | २० | ५० | १०० | ५०० |
| प्रकोप बिस्तार भएको वा विपद् प्रभावित क्षेत्र | १ स्थानीय तह | १ स्थानीय तह | २ वा सो भन्दा बढी स्थानीय तह | २ वा सो भन्दा बढी प्रदेश |
| प्रकोप/विपद्का कारण पठनपाठन बन्द हुन सक्ने विद्यालय संख्या र बन्द हुने दिन | १० विद्यालय, ७ दिन | १० विद्यालय सम्म, १४ दिन | १० देखि ५० विद्यालय, १४ दिन भन्दा बढी | ५० भन्दा बढी विद्यालय, १४ दिनभन्दा बढी |
| किताव, कापी लगायतका शैक्षिक सामग्री क्षति भएका विद्यार्थी संख्या | १०० जना | २०० जना | ५०० जनासम्म | ५०० जना भन्दा बढी |
| ५ वटा सम्म कक्षाकोठा तथा अन्य भौतिक संरचना क्षति भएका विद्यालय संख्या | ५ | १० सम्म | ५० सम्म | ५० भन्दा बढी |

| | | | | |
|---|---|---|---|---|
| विद्यालयमा पठनपाठन सामग्री क्षतिको अवस्था | सामान्य, थप सहायता नचाहिने । | थप सहायता आवश्यक पर्न सक्ने | प्रदेशको क्षमताले गर्न सकिने | प्रदेशको क्षमताले गर्न नसकिने |
| समुदायमा धनसम्पत्ति र जीविकाको हानी नोक्सानी | न्यून | मध्यम | उच्च | उच्च |
| विपद् प्रतिकार्य एवं आपत्कालीन सहायता सेवाको उपलब्धता (जनशक्ति, उपकरण, सामग्री, भौतिक संरचना) | आवश्यक पर्ने सहायता स्थानीय तह मै उपलब्ध भएको। | बाह्य सहायता चाहिन सक्ने | प्रदेशको क्षमताले पुग्ने | प्रदेशको क्षमताले नपुग्ने |
| सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न हुन वा फैलिन सक्ने) असर | न्यून | मध्यम | मध्यम | उच्च |
| सङ्क्रामक, सरुवा रोग फैलिने जोखिम | न्यून | मध्यम | मध्यम | उच्च |
| | | | | |
| (अन्य सूचकहरू थप्न सकिनेछ) | | | | |
| **विपद् प्रतिकार्यको नेतृत्व गर्ने प्राथमिक जिम्मेवारी** | **स्थानीय तह** | **स्थानीय तह** | **प्रदेश** | **संघ** |
| सम्भावित सहयोग | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश | संघ | अन्तर्राष्ट्रिय आव्हान |

## अनुसूची — ३

(दफा २१ को उपदफा (१) खण्ड (ख) र उपदफा (२) खण्ड (क) सँग सम्बन्धित)

विपद् परिदृष्य अनुसार आवश्यकता र समूहको विद्यमान क्षमताको विवरण फाराम

(क) आवश्यकताको विवरण

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम | |
| *क* | *जनशक्ति* | *संख्या* | | | *...को मापदण्ड अनुसार* |
| | तालिमप्राप्त शिक्षक | | | | |
| | विपद् उद्धारकर्मी | | | | |
| | | | | | |
| *ख* | *सामग्री तथा प्रविधि औंजार* | | | | |
| १ | ECD किट प्रति केन्द्र एक | | | | ...को मापदण्ड अनुसार |
| २ | स्कूल किट (एक प्रति ४०) (आधारभूत) (पपको २०%) | | | | |
| ३ | विद्यार्थी किट आधारभूत (छात्र र छात्राहरूको लागि) | | | | |
| ४ | विद्यार्थी किट माध्यमिक (छात्र र छात्राहरूको लागि) | | | | |
| ५ | किशोर किट्स (पप को १०%) | | | | |
| ६ | शिक्षक किट | | | | |
| ७ | मनोरञ्जन किट | | | | |
| ८ | पाठ्यपुस्तक (१-५) | | | | |
| ९ | पाठ्यपुस्तक (६-१०) | | | | |
| | | | | | |
| *ग* | *आधारभुत भौतिक संरचना* | | | | |
| | सुरक्षित खुलास्थल | | | | |
| | | | | | |
| *घ* | *आपत्‌कालीन कोष* | | | | |
| | | | | | |

(ख) उपलब्ध स्रोतसाधनको विवरण

| क्र. | आवश्यकताको विवरण | एकाइ | आवश्यकता हुने | जम्मा परिमाण | भएका सदस्य | रहेको | अपुग |
|---|---|---|---|---|---|---|---|

| स. | | | जनसंख्या | आवश्यक | उपलब्ध | युनिसेफ | नाम | नाम | ठाउँ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी किट | सेट | १ लाख विद्यार्थी | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची — ४

## (दफा २३ को उपदफा (१) सँग सम्बन्धित)
## शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ढाँचा

**परिच्छेद १ परिचय**

१.१ पृष्ठभूमि

१.२ उद्देश्यहरू (लक्ष्य, उद्देश्यहरू)

१.३ योजना तर्जुमा तथा कार्यान्वयन विधि र कार्यपद्धति

**परिच्छेद २ शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण**

२.१ समग्र विपद् जोखिम

२.२ विद्यालयको विपद् सङ्कटासन्नता

२.३ विद्यार्थीको विवरण

२.४ शिक्षकको विवरण

२.५ शिक्षा क्षेत्रका कर्मचारीको विवरण

२.६ शिक्षण सामग्रीको लेखाजोखा

**परिच्छेद ३ विपद्को परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना**

३.१ विपद् परिदृश्य

३.२ घटना विवरण

३.३ शिक्षा क्षेत्रमा पर्ने असर

३.४ प्रतिकार्य रणनीति

३.५ आवश्यकता र विद्यमान क्षमता विश्लेषण

(क) आवश्यक क्षमता

(ख) उपलब्ध र अपुग क्षमता

३.६ परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी. तथा प्रतिकार्य योजना

३.६.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (**General Preparedness**)

३.६.२ पूर्वानुमान एवं परिदृष्यमा आधारित पूर्वतयारी र अग्रिम कार्ययोजना

३.६.३ सामान्य पूर्वतयारी योजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन

३.६.४ प्रतिकार्य योजना

३.६.५ शिक्षा निरन्तरताको लागि योजना

३.६.६ अनपेक्षित विपद् परिस्थितिको लागि भैपरी योजना

३.६.७ लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति

३.६.८ सञ्चार तथा पैरवी योजनापूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

**परिच्छेद ४ कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण**

४.१ कृत्रिम घटना अभ्यास

४.२ कृत्रिम घटना अभ्यास कार्यतालिका

४.३ कृत्रिम घटना अभ्यासका लागि सन्दर्भ सामग्री

**परिच्छेद ५ समन्वय र सहकार्य**

४.१ संघ, प्रदेश, जिल्ला र स्थानीय शिक्षा समूहहरूसँगको समन्वय र सहकार्य

४.२ अन्तरविषयगत र अन्तरनिकायगत समन्वय र सहकार्य

**परिच्छेद ६ सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी रणनीति**

५.१ सूचना व्यवस्थापन

५.२ सञ्चार तथा पैरवी रणनीति

**परिच्छेद ६ अनुगमन र समीक्षा**

६.१ अनुगमन संयन्त्र र कार्यसूची

६.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना

६.३ योजनाको समीक्षा र परिमार्जन

अनुसूचीः

(१) शिक्षा क्लस्टरका संस्थाहरू र सम्पर्क व्यक्तिहरूको सूची

(२) अन्य क्लस्टरको सम्पर्क व्यक्तिहरूको सूची

(३) विपद्को स्तर निर्धारण गर्न मापदण्ड र सूचकहरू (सामान्य, मध्यम, ठुलो र महाविपद्)

(४) IRA, MIRA तथा क्षति र आवश्यकता मूल्याङ्कन सम्बन्धी अन्य फारमहरू (अनुसूची — ७ र ८ बमोजिमका फारामहरू)

(५) सञ्चार-वृक्ष चित्र (अनुसूची — ९ बमोजिमको)


(६) अनुगमन तथा मूल्याङ्कन फाराम (अनुसूची — १० बमोजिमको)

(७) सन्दर्भ सामग्री (योजना तयार गर्दा सार/आधार लिइएका सामग्रीहरू

## अनुसूची — ५

(दफा ३९ को उपदफा (१) खण्ड (ख) सँग सम्बन्धित)

### सञ्चार-वृक्ष चित्र



अनुसूची — ६

(दफा ३९ को उपदफा (३) सँग सम्बन्धित)

सञ्चार तथा पैरवी कार्ययोजनाको ढाँचा

समग्र उद्देश्य:

विशिष्ट उद्देश्यः

योजना तर्जुमा गर्दा लिइएको आधार/अनुमान/मान्यताः

स्रोतसाधनको आवश्यकताः (शैक्षिक सामग्री, जनशक्ति, कोष आदि)

(क) सामान्य अवस्थामा सञ्चार तथा पैरवी योजना

| क्रियाकलाप | जिम्मेवार निकाय | स्थान | माध्यम/विधि | लक्षित समूह | बजेट |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) आपत्कालीन अवस्थामा कार्यान्वयन हुने सञ्चार तथा पैरवी योजना

पूर्वानुमान र परिदृष्यः

बाढी .................................

सङ्क्रामक रोगको महामारीः ..............................

| क्रियाकलाप | जिम्मेवार निकाय | स्थान | माध्यम/विधि | लक्षित समूह | बजेट |
|---|---|---|---|---|---|
| समयावधिः१५ दिन पहिले पूर्वानुमान पाए पछि | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः ७ दिन पहिले पूर्वसूचना पाए पछि | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| क्रियाकलाप | जिम्मेवार निकाय | स्थान | माध्यम/विधि | लक्षित समूह | बजेट |
|---|---|---|---|---|---|
| | | | | | |
| समयावधिः ३ दिन (७२ घण्टा) पहिले पूर्वानुमान पाए पछि | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः २४ घण्टा पहिले पूर्वसूचना पाएपछि | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः घटनापूर्व पूर्वसूचना वा चेतावनी पाएपछि | | | | | |
| | | | | | |
| | | | | | |

(ग) प्रतिकार्य र पुनर्लाभ अवधिमा कार्यान्वयन हुने सञ्चार तथा पैरवी योजना

| क्रियाकलाप | जिम्मेवार निकाय | स्थान | माध्यम/विधि | लक्षित समूह | बजेट |
|---|---|---|---|---|---|
| समयावधिः ०-७२ घण्टा | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः ७२ घण्टा-२ हप्ता | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः २ हप्ता-४ हप्ता | | | | | |
| | | | | | |
| | | | | | |
| समयावधिः १ महिना-३ महिना | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची — ७

(दफा ४१ को उपदफा (४) सँग सम्बन्धित)

### अनुगमन तथा मूल्याङ्कन फाराम

| अनुगमन फाराम | |
|---|---|
| कार्यान्वयन भैरहेको कार्यक्रमको प्रभावकारिता | |
| निरन्तरता दिनुपर्ने क्रियाकलाप | |
| तत्काल सुधार गर्नुपर्ने क्रियाकलाप | |
| स्रोतसाधनको उपयोग तथा पर्याप्तता | |
| सुझाव | |

| क्रियाकलाप | निम्न | मध्यम | राम्रो | उत्कृष्ट |
|---|---|---|---|---|
| समूहको समन्वय र परिचालन | | | | |
| कार्यक्रम तथा योजना निर्माण | | | | |
| कार्यक्रम तथा योजना कार्यान्वयनको प्रभावकारिता | | | | |
| स्रोत व्यवस्थापन | | | | |
| खर्चको मितव्ययिता | | | | |
| लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सवालहरूको उचित सम्बोधन | | | | |
| कार्यक्रमको समग्र प्रभाव | | | | |
| कार्यक्रमबाट विपद् उत्थानशीलतामा भएको योगदान | | | | |
| कार्यक्रमबाट भएका सिकाइ तथा भविष्यमा अपनाउनु पर्ने सावधानीहरू | | | | |

मूल्याङ्कनकर्ताको नाम र सही (ऐच्छिक):                मितिः-

## अनुसूची – ८

(दफा ४६ को उपदफा (१) सँग सम्बन्धित)
तालिम, नमुना अभ्यास आदि सञ्चालनको लागि सन्दर्भ सामग्री

(१) परिदृष्यमा आधारित नमुना अभ्यास गर्ने कार्यविधि (बाढीको लागि प्राक्टिकल एक्शन र तयार परियोजनाले तयार गरेको कार्यविधि उपलब्ध छन्) - लिङ्क

(२) अन्तर्राष्ट्रिय क्लष्टर गाइडलाइन/हाते पुस्तिका - लिङ्क

(३) कोभिड प्रोटोकल – लिङ्क

(४) नमूना अभ्यासको विधि र मापदण्ड सम्बन्धी सन्दर्भ सामग्री

## अनुसूची — ९

(दफा ४६ को उपदफा (४) सँग सम्बन्धित)
शिक्षा समूहको लागि मार्गदर्शक नीति, कानुन तथा योजना

(१) नेपालको संविधान, २०७२
(२) शिक्षा ऐन, २०२८ (दशौं संशोधन, २०७५)
(३) शिक्षा नियमावली, २०५९ (आठौं संशोधन, २०७१)
(४) राष्ट्रिय शिक्षा नीति, २०७६
(५) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०
(६) बृहत् विद्यालय सुरक्षा गुरुयोजना (२०१८-२०३०)
(७) विद्यालय शिक्षा क्षेत्रको योजना, २०२२ - २०३०
(८) बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८
(९) बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
(१०) राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५)
(११) विपद् लेखाजोखा मार्गदर्शन, २०७२
(१२) विपद् जोखिम न्यूनीकरण नीति, २०७५
(१३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन, २०७५)
(१४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(१५) बालबालिका सम्बन्धी ऐन, २०७५
(१६) विद्यालय क्षेत्र विकास योजना (२०७३/७४ — २०७९/८०)
(१७) विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ (कोभिड-१९ को सन्दर्भमा)
(१८) वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७
(१९) राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५)
(२०) गाउँपालिका, नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
(२१) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६)